# लेखापरीक्षण प्रतिवेदन

## हिलिहाङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# हिलिहाङ गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/455

मिति : २०८३-१-२९

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

श्रीमान् अध्यक्ष ज्यू,

हिलिहाङ गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, पाँचथर ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/455

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,

हिलिहाङ गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय

पाँचथर।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा यस पालिकाले वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोवार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु. ८६ करोड २४ लाख ५ हजारको लेखापरीक्षणबाट रु.१ करोड ५९ लाख ३२ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.८५ लाख ४७ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु. ११ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु.४९ लाख ५६ हजार र पेश्की बाँकी रु. ५ लाख गरी जम्मा रु.७३ लाख ८५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ८ करोड ५ लाख ५ हजार मध्ये रु. ७२ लाख ५५ हजार फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.८ करोड ६ लाख ३५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७३ | ९५ | १,५९,३२,८३१ | ० | ७४ | ८५,४७,३६७ | ० | ७३ | २१ | ७३,८५,४६४ | ११,४१,५६४ | ४९,५६,४८९ | ७,८७,४१० | ० | ० | ५७,४३,८९९ | ५,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | ८,०५,०५,५२१ | ० | ७२,५५,४६८ | ७३२५००५३ | ० | ७३,८५,४६४ | ८०६३५५१७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **यस आ.ब.मा प्रतिक्रियामार्फत सम्परीक्षण भएको बेरुजु** | | | | |
| १ | २०८१/८२ | ५९ | हिलिहाङ्ग दरवार संरक्षण तथा पूर्वाधार निर्माण कार्यक्रम | ८७,३७४ |
| २ | २०८१/८२ | ७७.२/७७.३/७.४ | स्वास्थ्य तर्फ | १,९४,०९२ |
| ३ | २०८१/८२ | ५४ | साझेदारीमा कार्यक्रम संचालन | १,३१,००० |
| ४ | २०८१/८२ | ४४ | समिति बैठक भत्ता | २८,९०० |
| ५ | २०८१/८२ | ८२ | सक्कल विल | १३,४९,५०० |
| ६ | २०८१/८२ | ७०.४/७०.७/७०.८/७०.१० | शिक्षातर्फ | १५,३९,२०९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ४९ | वितरण भरपाई नभएको | २,१४,३८० |
| ८ | २०८१/८२ | ८१ | वढी भुक्तानी | १०,९०० |
| ९ | २०८१/८२ | ८३ | वढि भुक्तानी | ६१,८०० |
| १० | २०८१/८२ | ५६.२ | वडा नं. ७ को प्रशासनिक भवन निर्माण (HRM/NCB/Works/080/081/01) | ३९,२०९ |
| ११ | २०८१/८२ | ६४.१ | प्रशासकीय भवन | १०,००,००० |
| १२ | २०८१/८२ | ७४ | पोशाक हस्तान्तरण कार्यक्रम | १,२४,५०५ |
| १३ | २०८१/८२ | ७५ | पुस्तक खरिद | २,८२,८०० |
| १४ | २०८१/८२ | ५८ | पर्यटकीय पूर्वाधार निर्माण कार्यमा वढी भुक्तानी | १,३६,०२१ |
| १५ | २०८१/८२ | ५३ | नर्म्स विपरीत भुक्तानी | २१,६४४ |
| १६ | २०८१/८२ | ३७ | धरौटी सदरस्याहा | ११,६२,९९४ |
| १७ | २०८१/८२ | ७०.४ | जिन्सी दाखिला | ६,३५,१९४ |
| १८ | २०८१/८२ | ४७ | चुन खरिद | ३५,२०० |
| १९ | २०८१/८२ | ८७ | खेल प्रशिक्षकलाई भुक्तानी | १,००,००० |
| २० | २०८१/८२ | ४५ | उपाध्यक्षको बैठक भत्ता | ७,६५० |
| २१ | २०८१/८२ | १९.३ | आन्तरिक आय | १९,००० |
| २२ | २०८१/८२ | ८५ र ८६ | अन्तिम प्रतिवेदन | १३,६५,९९५ |
| | | | **जम्मा** | **८५,४७,३६७** |
| **विगत वर्षको सम्परीक्षण** | | | | |
| २३ | २०८०/८१ | २.३ | स्थानिय संचित कोष | १,३०,००० |
| २४ | २०८०/८१ | ४३ | सोझै खरिद | १४,८६,६२८ |
| २५ | २०८०/८१ | ४१ | सामाजिक सुरक्षा कर | १७,९४८ |
| २६ | २०८०/८१ | २१ | सट्टा शिक्षक | ६,००,००० |
| २७ | २०८०/८१ | ३८ | संचारवापतको खर्च | ३,३८,१९३ |
| २८ | २०८०/८१ | ३७ | महिला स्वंयसेविका खाजा खर्च भुक्तानी | ११,४१,५०० |
| २९ | २०८०/८१ | ५० | पेश्की बाँकी | ३,९०,००० |
| ३० | २०८०/८१ | ६४ | पशुसेवा केन्द्र तर्फको औषधी खरिद | १७,५१,०१९ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | २०८०/८१ | ४७ | धरौटी फिर्ता | २,९५,२०८ |
| ३२ | २०८०/८१ | ६३ | औषधी खरिद | ११,०४,९७२ |
| **जम्मा** | | | | **७२५५४६९** |
| **कुल जम्मा** | | | | **१,५८,०२,८३६** |

# हिलिहाङ गाउँपालिका, पाँचथर

# ( ८०१०२५०७३०० )

# हिलिहाङ गाउँपालिका , पाँचथर

## परिचय

१

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ७ वटा, सभा सदस्य संख्या ३९ जना, क्षेत्रफल १२३.०१ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या १९०८५ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२८ देखि २०८२।५।६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय र व्ययतर्फ रु.८६ करोड २४ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## २ एकीकृत वित्तीय प्रतिवेदन-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राखु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ६५४९७७०१.५४ | चालु खर्च | | ३०१९१५२८४.७४ |
| १.संचित कोष | ५१९६२१४९.३८ | | १. पालिका तर्फ | १०७०५३६१४.८० | |
| २.धरौटी | १००३९५१५.५८ | | २. संघीय सशर्त | १९१६९१०१९.९४ | |
| ३.कार्यसञ्चालन कोष | | | ३. संघीय विशेष | ०.०० | |
| ३.क. विविध खर्च खाता | १४८५८६९.९८ | | ४. प्रदेश सशर्त | ३१७०६५०.०० | |
| ३.ख. प्रकोप व्यवस्थापन कोष | ३९७५८२.६४ | | ५. प्रदेश विशेष | ०.०० | |
| ३.ग. आकष्मिक कोष खाता | १०१२५८३.९६ | | पुँजीगत खर्च | | १२५६०७७३७.९३ |
| ४. अन्य कोष | | | १. पालिका तर्फ | १०५९३९१०४.९३ | |
| ४.क. विविध कोष खाता (सुत्रमा समावेश नभएको) | ५००००० .०० | | २. संघीय सशर्त | ६५३१८२७.०० | |
| ४.ख. लैंगिक हिंसा निवारण कोष (सुत्रमा समावेशनभएको) | १००००० .०० | | ३. संघीय विशेष | ५५११६३८.०० | |
| | | | ४. संघीय समपुरक | ०.०० | |
| यस वर्षको आय | | ४५७२०६४१४.९३ | ५. प्रदेश सशर्त | २७९२९००.०० | |
| १.आन्तरिक आय | १९९१४९२०.५७ | | ६. प्रदेश विशेष | ०.०० | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | | ७. प्रदेश समपुरक | ४८३२२६८.०० | |
| क) समानीकरण अनुदान | ८६५२९६८०.०० | | | | |
| ख) राजस्व बाँडफाँट | ८२६११३०६.१४ | | ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १०६५६३००७.३४ |
| ग) सशर्त अनुदान | २३२८१६९९९.०० | | क) सामाजिक सुरक्षा | ८४२३४७८३.३४ | |
| घ) समपुरक अनुदान | ०.०० | | ख) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास | १०००००००.०० | |
| ङ) विशेष अनुदान | ८००००००.०० | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३३७४९९.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| च) रोयल्टी | | | घ) पर्यटकीय पूर्वाधार विकास आयोजना | १०९९०७२५.०० | |
| छ) अन्य | | | ङ) विद्यालय शिक्षा क्षेत्र योजना | ०.०० | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | |
| क) समानीकरण अनुदान | ५७६६०००.०० | | ऋण फिर्ता(साँवा) | | |
| ख) राजस्व बाँडफाँट | ४१६९५०९.२२ | | ऋणको ब्याज भुक्तानी | | |
| ग) सशर्त अनुदान | ७३९८०००.०० | | धरौटी फिर्ता तथा सदर स्याहा | ३१११२००.०० | ३१११२००.०० |
| घ) समपुरक अनुदान | १००००००००.०० | | कार्यसञ्चालन कोषबाट भएको खर्च | | ४६६४०६२.३९ |
| ङ) विशेष अनुदान | ० | | विविध खर्च खाता | २९७३३३८.०० | |
| च) रोयल्टी | | | प्रकोप व्यवस्थापन कोष खाता | १६९०७२४.३९ | |
| छ) अन्य | | | अन्य कोषबाट भएको खर्च | | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १०६५६३००७.३४ | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| क) सामाजिक सुरक्षा | ८४२३४७८३.३४ | | अन्य सहयोगमा सञ्चालित योजना | | |
| ख) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास | १००००००००.०० | | अन्य खर्च भएमा | | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३३७४९९.०० | | अनुदान फिर्ता | | |
| घ) पर्यटकीय पूर्वाधार विकास आयोजना | १०९९०७२५.०० | | १. संघ तर्फ | | ३७०८२५१४.०६ |
| ङ) विद्यालय शिक्षा क्षेत्र योजना | ०.०० | | क) सशर्त अनुदान | ३३०९२९८०.०६ | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | | ख) विशेष अनुदान | ३९८९५३४.०० | |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | ग) समपुरक अनुदान | ०.०० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. धरौटी आय | ५३८०४८४.७१ | ५३८०४८४.७१ | २. प्रदेश तर्फ | | ६६०२१८२.०० |
| ८. कार्यसञ्चालन कोष आय | | ६९२४५२२.८३ | क) सशर्त अनुदान | १४३४४५०.०० | |
| ८.क. विविध खर्च खाता | ५४२४५२२.८३ | | ख) विशेष अनुदान | ०.०० | |
| ८.ख. प्रकोप व्यवस्थापन कोष | १५०००००.०० | | ग) समपुरक अनुदान | ५१६७७३२.०० | |
| ९. अन्य कोषको आय | | | अन्तिम मौज्दात | | ५७२२८०६४.५१ |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | १. संचित कोषको मौज्दात | ३९१६२७६७.२० | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | २. धरौटी | १२३०८८००.२९ | |
| १२. अन्य आय भएमा | | | ३. कार्यसञ्चालनकोष | | |
| क) स्थानीय राजश्व बाँडफाँड | १२०१९२१.६२ | १२०१९२१.६२ | ३.क. विविध खर्च खाता | ३९३७०५४.८१ | |
| | | | ३.ख. प्रकोप व्यवस्थापन कोष | २०६८५८.२५ | |
| | | | ३.ग. आकष्मिक कोष खाता | १०१२५८३.९६ | |
| | | | ४. अन्य कोष | | |
| | | | ४.क. विविध कोष खाता (सुत्रमा समावेश नभएको) | ५०००००.०० | |
| | | | ४.ख. लैंगिक हिंसा निवारण कोष (सुत्रमा समावेश नभएको) | १०००००.०० | |
| जम्मा | ६४२७७४०५२.९७ | ६४२७७४०५२.९७ | जम्मा | ६४२७७४०५२.९७ | ६४२७७४०५२.९७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **फरक जिम्मेवारी -**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.६४८,९७७०२.५४ मौज्दात रहेको देखिन्छ । यस बर्ष रु.६५४९७७०१.५४ जिम्मेवारी सार्दा रु. ५९९,९९९ फरक परेको देखिएको छ । फरक पर्नुको कारण पालिकाले यकिन गरेको नदेखिदा फरक पर्नुको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ४ वित्तीय विवरणको यथार्थता –

यस हिलिहाङ गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेपफानं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८४२३४७८३.३४, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकासतर्फको रू.१००,००,०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१३३७४९९ र पर्यटकीय पूर्वाधार विकास आयोजनाको रु.१०९९०७२५ गरी कुल रु.१०६५६३००७.३४ सुत्रमा लेखाङ्कन गरेको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ५ बैङ्क हिसाव विवरण-

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले तयार गरेको बैंक हिसाव विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | स्थानीय संचित कोष | ३९१६२७६७.२० | ३९१६२७६७.२० |
| २ | धरौटी खाता | १२३०८८००.२९ | १२३०८८००.२९ |
| ३ | विविध खर्च खाता | ३९३७०५४.८१ | ३९३७०५४.८१ |
| ४ | प्रकोप व्यवस्थापन कोष | २०६८५८.२५ | २०६८५८.२५ |
| ५ | आकष्मिक कोष खाता | १०१२५८३.९६ | १०१२५८३.९६ |
| ६ | विविध कोष खाता | ५०००००.०० | ५०००००.०० |
| ७ | लैंगिक हिंसा निवारण कोष | १०००००.०० | १०००००.०० |

## ६ त्रैमासिक पूँजीगत खर्च-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार आ.ब. २०८१/८२ को त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | | | चौमासिक खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | १२५६०७७३७.९३ | ७३,२३०१२.९० | १,१७१०१२३.०० | ४४१८८२९३.२८ | ६२३८६३०८.७५ | ४७८१६८२८.७५ |
| | प्रतिशत | १०० | ५.८३ | ९.३३ | ३५.१८ | ४९.६६ | ३८.०७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१२ करोड ५६ लाख ७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.७३ लाख २३ हजार (५.८३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड १७ लाख १० हजार (९.३३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ४१ लाख ८८ हजार (३५.१८ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६ करोड २३ लाख ८६ हजार (४९.६६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ७८ लाख १६ हजार (३८.०७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७ **योजनाको प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को दफा ५२४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ७ वडाको लागि भौतिक पूर्वाधार १९१ र अन्य तर्फ ३८७ सहित कुल ५७८ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र.स.** | **विवरण** | **योजनाकोसंख्या** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **१ लाख भन्दा कम** | **१लाख देखि ५ लाख सम्म** | **५लाख देखि २० लाख सम्म** | **२०लाख देखि ५० लाख सम्म** | **५० लाख भन्दामाथि** | **जम्मायोजना संख्या** |
| **१** | भौतिकपूर्वाधार निर्माण अन्तर्गतका योजनाहरु | **२०** | **११५** | **४८** | **४** | **४** | **१९१** |
| **२** | अन्यकार्यक्रम अन्तर्गतका योजनाहरु<br>चालु कार्यक्रम | **७३** | **२२२** | **७५** | **१०** | **७** | **३८७** |
| | जम्मा | ९३ | ३३७ | १२३ | १४ | ११ | ५७८ |

माथिको तालिका अनुसार रु. ५ लाख भन्दा घटीका योजना संख्या ४३० अर्थात कुल संख्याको ७४.४० प्रतिशत रहेका छन् भने रु. ५० लाख भन्दा माथिका योजना संख्या ११ अर्थात कुल संख्यामा १.९० प्रतिशत मात्र रहेका छन्। टुक्रे र साना योजनाको संख्या अधिक देखिन्छ। गरिबी निवारण, उत्पादनमूलक, रोजगारी सृजना गर्ने र जनसहभागिता प्रर्वधन गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्नुपर्दछ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २४८५५०००. | १९४८३६१४. | ४.५६ |
| २ | पूर्वाधार विकास | ९३४३५२२१. | ७८९१८७१२.७५ | १८.४६ |
| ३ | सामाजिक विकास | ३०२८२५७७९. | २६०४६२०५१.९१ | ६०.९२ |
| ४ | बातावरण तथा विकास | ६४५००००. | ४०१७८३४. | ०.९४ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २०९११०००. | १४७२०२३६. | ३.४४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६१९३३०००. | ४९९२०५७४.०१ | ११.६८ |
| | जम्मा | ५१०४१००००. | ४२७५२३०२२.६७ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ६०.९२ प्रतिशत र वातावरण र विकास क्षेत्रमा सवैभन्दा कम ०.९४ प्रतिशत रहेको छ ।

९ **ससर्त अनुदान फिर्ता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) देहाय बमोजिम रहेको देखिन्छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३२८१६९९९.०० | १९८२२२८४६.९४ | ३३०९२९८०.०६ | |
| | विषेश | ८००००००.०० | ५५११६३८.०० | ३९८९५३४.०० | |
| | समपुरक | ०।०० | ०।०० | ०।०० | |
| प्रदेश सरकार | शसर्त | ७३९८०००.०० | ५९६३५५०.०० | १४३४४५०.०० | |
| | विषेश | ०।०० | ०।०० | ०।०० | |
| | समपुरक | १००००००0.०० | ४८३२२६८.०० | ५१६७७३२.०० | |

१० **कोषको अवस्था -**

गाँउपालिकाले देहाय बमोजिमका विभिन्न कोषहरु स्थापना पालिकाबाट बजेट बिनीयोजन गरी रकम थप गर्ने गरेको देखिन्छ । यसरी पालिकाले वार्षिक सो कोषबाट हुने खर्च तथा आवश्यकतालाई समेत ध्यान नदिई यस्ता कोषमा रकम दाखिला गरी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष | प्रकोप व्यवस्थापन कोष संचालन कार्यविधि,२०७५ | ३९७५८२.६४ | १५०००००.०० | १६९०७२४.३९ | २०६८५८.२५ |
| विविध खर्च खाता | | ४८५८६९.९८ | ४४२४५२२.८३ | २९७३३३८.०० | १९३७०५४.८१ |
| कर्मचारी कल्याण कोष | कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०७८ | १०००००००। ०० | १०००००००। ०० | ०।०० | २०००००००। ०० |
| लैंगिक हिंसा निवारण कोष | | १०००००।०० | ०।०० | ०।०० | १०००००।०० |
| आकष्मिक कोष | आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ | १०१२५८३.९६ | ०।०० | ०।०० | १०१२५८३.९६ |
| विविधकोष खाता | | ५०००००।०० | ०।०० | ०।०० | ५०००००।०० |

११ **नीति तथा कार्यक्रम कार्यान्वयन -**

यस पालिकामा हरेक आर्थिक वर्षमा अध्यक्षबाट नीति तथा कार्यक्रम र उपाध्यक्षबाट बजेट प्रस्तुत हुने तथा गरेको छ । पालिकामा उपलब्ध जनशक्ति र पदाधिकारीसँग छलफल हुँदा आर्थिक वर्ष २०८१।८२ मा घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था निम्नानुसारको रहेको छ:

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १ | हिलिहाङ बासीको घर घरमा खानेपानी सेवा | कार्यान्वियन नभएको |
| २ | माझी समुदायको जीविकोपार्जनका लागि विभिन्न आयमूलक कार्यक्रमहरु | कार्यान्वियन नभएको |
| ३ | आङ्खस्ने महिलाहरूको लागि निःशुल्क स्वास्थ्य शिबिर संचालन | कार्यान्वियन नभएको |
| ४ | संस्थागत विद्यालयहरुले विद्यार्थीहरूबाट लिने शुल्क निर्धारण गरी लागू गरिनेः कूनै कार्यक्रम गरेको नदेखिएको | कार्यान्वियन नभएको |
| ५ | न्यून विद्यार्थी भएका विद्यालयहरूलाई मर्ज तथा समायोजन र कक्षा घटाउनका लागि शिक्षा सरोकारवालाहरूसँग निरन्तर छलफल र समन्वय गरिनेः छलफल तथा समन्वयात्मक कार्य भएको नदेखिएको । | कार्यान्वियन नभएको |
| ६ | लागत साझेदारीमा उत्कृष्ट १० सहकारी संस्थालाई Laptopवितरण कार्यक्रम | कार्यान्वियन नभएको |
| ७ | करदाता शिक्षा समेतको कार्यक्रम | कार्यान्वियन नभएको |
| ८ | पर्यटन प्रवर्द्धन गर्नको लागि तमोर नदिमा व्यवसायहरूको साझेदारीमा जल पर्यटन महत्सब संचालन | कार्यान्वियन नभएको |
| ९ | हिलिहाङ क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरूको पहिचान गर्न पर्यटकीय सर्किट निर्माण | कार्यान्वियन नभएको |
| १० | रोजगारीमा बालश्रम विरुद्धका कार्यक्रमहरू सञ्चालन | कार्यान्वियन नभएको |
| ११ | हिलिहाङ गाउँपालिकाको गौरवका आयोजनाको रूपमा रहेको हिलिहाङ दरवार क्षेत्रलाई प्रमुख पर्यटकीय स्थलको रूपमा विकास गर्नका लागि गुरूयोजना समेत निर्माण गरिनेछ । मेची राजमार्गबाट उक्त क्षेत्रसम्म पुग्ने पक्की सडक निर्माणको कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ । | कार्यान्वियन नभएको |

पालिकाले कार्यान्वियन गर्ने गरी नीति अवलम्बन गरेका तथा कार्यान्वियनमा लगेका योजना तथा कार्यक्रमलाई नेपाल सरकारका अन्य निकायसँग दोहोरो नपर्ने गरी व्यवस्थित गर्नुका साथै उपलब्ध श्रोत र क्षमताको विश्लेषणका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने र घोषित नीति तथा कार्यक्रमको कार्यान्वियनका लागि श्रोत व्यवस्थापन सहित प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१२ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी बजेट पेश भएको १५ दिन भित्र र समय थप गर्नुपर्ने अवस्थामा असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेढाँईले मिति २०८१।०३।१० गते रु.५१ करोड ४ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्ष समर बहादुर अधिकारीले मिति २०८१।०४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था बमोजिम पालिकाले आन्तरिक नियन्त्रण प्रणाली जारी गरेको भएतापनी निम्न व्यहोराहरुको प्रभावकारी कार्यान्वयन भएको देखिएन:

**<u>वजेट व्यवस्थापनतर्फ</u>**

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन

- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

**<u>खरिद व्यवस्थापनतर्फ</u>**

- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन ।

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको छैन ।

- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।
- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वियन भएको छैन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

**विविध तर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको वा त्यसको अभिलेख राखेको छैन ।
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।
- खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छैन।
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थलको कार्य अगाडी बढेको देखिएन ।

- पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/ कार्यादेश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

<u>**सामाजिक सुरक्षातर्फ –**</u>

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोराहरुमा सुधार गर्दै पालिकाको सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र कार्यदक्षतामा अभिवृद्धी गर्नुपर्दछ।

१५ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा शाखा गठन गरेको छैन भने आन्तरीक लेखापरीक्षण समेत गराएको छैन । लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तीय समानिकरण, ससर्त, राजश्व बाँडफाँड लगायत सबै कारोवारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै

सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत अन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ ।

१६ **सेवा प्रवाह-**

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । कार्यायबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | नभएको | नभएको |
| जन्मदर्ता | ४४४ | ४४४ |
| मृत्युदर्ता | १६६ | १६६ |
| बसाईसराई आएको | २४ | २४ |
| बसाईसराई गएको | २१४ | २१४ |
| विवाह दर्ता | २१४ | २१४ |
| सम्बन्धविच्छेद दर्ता | २७ | २७ |

१७ **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले निर्देशिका ४ वटा, ऐन ३३ वटा नियमावली ३ वटा, कार्यविधी ४२ निर्देशिका र ३ वटा नर्म्स पास गरेको विवरण पेश गरेको छ । स्वीकृत कानूनलाई पालिकाले व्यवहारमा कार्यान्वियन गर्नुपर्दछ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नर्म्स / आचारसंहिता | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वियनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या | ३३ | ३ | ४२ | ४ | ३ | ८५ |

१८ **न्यायीक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष कुल १३ विवाद दर्ता भएकोमा १० वटा मुद्दाको समाधान भएको र ३ वटा मुद्दा वाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| उजुरीको प्रकार | गत आ.वमा फछ्र्यौट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्र्यौट | फछ्र्यौट बाँकी | फछ्र्यौट नहुनाको कारण |
|---|---|---|---|---|---|
| ४७ (१ ) | ० | 8 | 6 | २ | प्रतिवादी उपस्थित नभएको कारण । |
| ४७ (२) | ० | 5 | 4 | १ | |


१९ **आन्तरिक आय -**

पालिकाको विगत ३ आर्थिक वर्षको आन्तरिक आय संकलनको अवस्था देहायबमोजिम देखिन्छ:

| विवरण | आ व २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|
| जम्मा आय रु | ८०१४२१५।५६ | २६३२४४४१।०३ | १९९१४९२०।५७ |
| APG र PBG को रकम हटाउदा | | २११६३१६०। | |
| पर्यटन पूर्वाधारबाट शोधभर्ना लिएको रकम राजस्व खातामा दाखिला गरेको हटाउने | | | १०९९०७२५। |
| दहतर वहतर | | २४४३७६। | ६७३४७९।५७ |
| विज्ञापन कर | | ० | १७८२५।४० |
| बेरुजु | २२०९२४१।५४ | | |
| खुद राजस्व | ५८०४९७४।०२ | ५४०५६५७।०३ | ९६१५५००।५४ |
| वृद्धि प्रतिशत | | -६.८८ | ७७.८८ |

आर्थिक बर्ष २०७९।८० को तुलनामा आर्थिक बर्ष २०८०।८१ मा आन्तरिक आय ६.८८ प्रतिशतले घटेता पनि आर्थिक बर्ष २०८१।८२ मा ७७.८८ प्रतिशतले वृद्धि भएको देखिन्छ।

१९.१ **वडागत राजश्व संकलन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाको वडा कार्यालयगत राजश्व संकलन विवरण देहाय बमोजिम छ :




माथिको तालिका अनुसार वडा नं २ मा सबैभन्दा बढी र वडा नं २ मा सबैभन्दा कम राजश्व संकलन भएको देखियो। पालिकाले संकलन बढाउने तर्फ ध्यान दिनुपर्दछ।

१९.२ **तुलनात्मक परिक्षण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै सोही ऐनको परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकमा राजश्वको वार्षिक अनुमान गरी राजश्व शुल्क उठाउने गरेको छ । कुनै शिर्षकमा अनुमानित रकम भन्दा धरै र कुनै शिर्षकमा शुन्य राजश्व संकलन भएको अवस्था छ। राजस्वका विभिन्न शिर्षकमा अनुमानित आयलाई व्यवस्थित गरी राजस्वलाई अनुमानयोग्य बनाउनुपर्दछ। साथै, राजश्वको यथार्थ अनुमान गरी पालिकाको आम्दानी वृद्धि गर्न तर्फ ध्यान दिनु पर्दछ । पालिकाले आ.ब.२०८१/८२ को लागि अनुमान गरेको र असुली गरेको आयगत शिर्षक देहाय बमोजिम रहेको देखिन्छ ।

| क्र.सं. | आय शिर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | भुमिकर/मालपोत | १५०००००. | ९३३९२१.७१ | ६२.२६ |
| २ | वहाल कर | १७००००. | ४४३६१३.१२ | २६०.९५ |
| ३ | वहाल विटौरी कर | २०००००. | २२३१३६.५ | १११.५७ |
| ४ | सवारी साधन कर (साना सवारी) | ५,०००.०० | १,०००.०० | २०.०० |
| ५ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ८०००००. | १०७५४५५. | १३४.४३ |
| ६ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | १९०७९३. | |
| ७ | अखेटोपहारमा लाग्ने कर | ५०,०००.०० | ० | ०.०० |
| ८ | अन्य कर | ३०००००. | ८६,५००.०० | २८.८३ |
| ९ | अन्य बिक्रीबाट प्राप्त रकम | १०००००. | ० | ०.०० |
| १० | अन्य सेवा शुल्क तथा बिक्री | ० | १,०००.०० | |
| ११ | न्यायिक दस्तूर | ५,०००.०० | ० | ०.०० |
| १२ | परीक्षा शुल्क | १०००००. | १३,३००.०० | १३.३० |
| १३ | अन्य प्रशासनिक सेवा शुल्क | ५५५०००. | ८९,४१०.०० | १६.११ |
| १४ | नक्सापास दस्तुर | ५०,०००.०० | ५००. | १.०० |
| १५ | सिफारिश दस्तुर | ११५००००. | २५८७८६०. | २२५.०३ |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | ३१४८००. | ६२.९६ |
| १७ | नाता प्रमाणित दस्तुर | १५००००. | ११५५००. | ७७.०० |
| १८ | अन्य दस्तुर | १५००००. | ३०७८८५.४२ | २०५.२६ |
| १९ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ११००००. | १२४५२०. | ११३.२० |
| २० | अन्य क्षेत्रको आय | ४५००००. | ० | ०.०० |
| २१ | न्यायिक दण्ड जरिवाना र जफत | ५,०००.०० | ० | ०.०० |
| २२ | प्रशासनिक दण्ड जरिवाना र जफत | १५००००. | ८३७८९९.६२ | ५५८.६० |
| २३ | धरौटी सदरस्याहा | १०००००. | २७,२४०.०० | २७.२४ |
| २४ | अन्य राजस्व | १५००००. | ११०८७२८५. | ७,३९१.५२ |
| २५ | व्यवसाय कर | ५०००००. | ८८२०६७.२ | १७६.४१ |
| २६ | बेरूजू | ० | १९१२३४. | |
| २७ | निकासा फिर्ता | ० | ३८००००. | |
| जम्मा | | ७२५००००. | १९९१४९२०.५७ | २७४.६९ |

१९.३ **नविकरण शुल्क** - गाँउपालिकाको आर्थिक वर्ष २०८१।०८२ को आर्थिक ऐन, २०८१ को अनुसूची-४ मा विभिन्न व्यवसायिक फर्मको लागि कर तथा नविकरण शुल्कको व्यवस्था गरेको छ। पालिकाको राजश्व पोर्टलबाट केही फर्म तथा व्यवसायले पालिकालाई

बुझाउनुपर्ने दस्तुर तथा शुल्क बुझाए नबुझाएको सम्बन्धमा नमुना परीक्षण गरी हेर्दा निम्न संस्थाहरुले तोकिए बमोजिमको नविकरण कर तथा व्यावसायिक कर दाखिला गरेको नदेखिएकोले सो सम्बन्धमा थप कर रकम यकिन गरी असुल गर्नुपर्ने रु.

| सिनं | व्यवसायकोनाम | वडा नं. | प्रकार | असुलबाँकी |
|---|---|---|---|---|
| १ | न्यूएभरेष्ट ईङ्गलिस बोर्डिङ स्कूल | ३ | नर्सरी-कक्षा५ | ३००० |
| जम्मा रकम | | | | ३००० |

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३,००० |
|---|---|

१९.४ **राजस्व लेखा अधावधिक** - आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउंदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हस्बली राजस्व आम्दानी दाखिला गरि गोश्वारा भौचर तयार गरि दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अधवाधिक गर्नु पर्ने छ भनी व्यवस्था रहेको छ ।पालिकाबाट आन्तरिक आय संकलनका लागि विभिन्न आय शीर्षकहरुमा वार्षिक राजस्व संकलन गरिएको छ तर ठेक्काको अद्यावाधिक विवरण तयार गरि राखिएको छैन ।यसरी अद्यावधिक विवरण नहुँदा श्रेस्ता परिक्षणको क्रममा कुनै राजस्व ठेक्का सम्बन्धी कागजात परीक्षण गर्न छुट तथा अन्य निकाय पठाएको हुन सक्ने भएकोले अनिवार्य रुपमा आन्तरिक राजस्व ठेक्काको शीर्षकगत विवरण तयार गरी अधवाधिक लगत राख्नुपर्ने देखिन्छ ।

१९.५ **बन पैदावार विक्रि आय** - वन नियमावली २०७९ को नियम २५ (१) मा डिभिजन वन कार्यालय अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका यस पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको १० प्रतिशत सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक बन उपभोक्ता समितिले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको बनपैदावर बिक्रीलाई आधार मानी रकम संकलन गर्नुपर्ने देखिन्छ । पालिकाभित्र सामुदायिक वन उपभोक्ता समिति रहेकोमा सो लाई पालिकाले नियमन गर्न सकेको देखिदैन । सो समिति पालिका साथै वन पैदावार विक्री आयको रकम कति प्राप्त हुनुपर्नेमा कति प्राप्त भयो र कति बाँकी छ एकिन गरी भन्न सकिएन । पालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले बार्षिक वन पैदावरको विक्रीमा संकलन गरेको आम्दानीको आधारमा पालिकाको आय वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२० **इन्धन खर्चको मापदण्ड** –

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी पालिकाले इन्धन कार्यालय प्रयोजनको शीर्षकबाट रु. ११ लाख ५६ हजार ८ सय खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२१ **आर्थिक सहायता** –

स्थनीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष आर्थिक सहयोग तथा सहायता तथा राहत वितरण खर्च शिर्षकबाट विभिन्न व्यक्ति र संस्थाहरुलाई रु. ७ लाख २२ हजार ६ सय आर्थिक सहायता वितरण गरेको छ। पालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि बनाएको भएनपनी कार्यविधिले नसमेटको विषयकमा समेत आर्थिक सहायता दिएको देखिन्छ। आवश्यकता र औचित्यताका आधारमा आर्थिक सहायता प्रदान गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२२ **ठेक्का व्यवस्था**-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिष्प्रर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.१५ देखि ४०.३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| Contract Number | Project Name | Name of Companyname/phone number | Contract Amount With VAT and PS | Estimat |
|---|---|---|---|---|
| HRM/NCB/WORKS/०८१/०८२/०४ | Hilihang Gaupalika Vitraka Motar Bato Track Open | Godar Nirman Sewa | २२६२१३१.१८ | ३७९४० |
| HRM/NCB/WORKS/०८०/०८१/०२ | सिंहपुर पशुपती मावि भवन | Banglamukhi Nirman Sewa | ८६५८५१७.८९ | १३३२२ |
| HRM/NCB/WORKS/०८०/०८१/०१ | ७ नं वडा प्रशासकीय भवन निर्माण | Tek and Sapana Construction pvt, Pachthar | ७९८९५३०.६८ | १०१५८ |
| HRM/NCB/WORKS/No/०४/०७८/७९ | पाँच शैया अस्पताल निर्माण | Apex mission J/V | १२०४२८९६०.०० | १२०६० |
| HRM/NCB/WORKS/०८०/०८१/०१ | Construction Of Wada no. २ Administrative Building | Greenfield Construction and Suppliers Pvt.Ltd | १०६८३६७०.६८ | १५२७७ |
| HRM/NCB/WORKS/०८०/०८१/०२ | Construction Of Amarpur Health Post | Greenfield Construction and Suppliers Pvt.Ltd | ९१७५४९६.२९ | १३५६२ |
| HRM/NCB/WORKS/०८१/०८२/०५ | Construction of Hilihang Durbar Toilet | Golden Nirman Sewa | २६४३८२७.९७ | ३४१३९ |
| HRM/NCB/WORKS/०८१/०८२/०३ | ६ No ward Swastha Chauki Bhawan Nirman | Golden Nirman Sewa | ३६३९४८५.६३ | ४९३५५ |

२३ **कन्टेन्जेन्सी खर्च -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार छैन । सो अनुसारको अभिलेख नराखी दैनिक भ्रमण भत्ता,मसलन्द खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन ।

| क्र.सं. | कन्टिनजेन्सीको विवरण | खर्च रकम |
|---|---|---|
| १ | ज्याला | ० |
| २ | दैनिक भ्रमण भत्ता | २४००० |
| ३ | इन्धन | ० |
| ४ | मर्मत | ० |
| ५ | मसलन्द | ५०००० |
| ६ | निर्माण खर्चः पुँजिगत | १५२००० |
| ७ | सम्बन्धीत विभागमा पठाएको | ० |
| ८ | अन्य | ४१०००० |
| ९ | जम्मा | ६३६००० |
| १० | मू.अ.कर र अग्रिम कर बाहेकको निमार्ण खर्च | ९६१३७००० |
| ११ | खर्च गर्न पाउने कन्टिनजेन्सी | ३८४५००० |
| १२ | कन्टिन्जेन्सी बचत रकम | ० |

२४ **जिन्सी व्यवस्थापन-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाबाट तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा कतिपय मालसामान प्रयोगमा नरहेकोले भनि उल्लेख छ तर नियमावलीमा व्यवस्था भए बमोजिम प्रयोगमा नरहेको मालसामान मर्मत वा लिलाम प्रक्रिया अगाडि बढाएको देखिएन । ऐन, नियमावलीमा व्यवस्था भएबमोजिम मर्मत वा लिलाम गर्नु पर्नेतर्फ गाँउपालिकाले ध्यान दिनु पर्दछ।

२५ **PAMS प्रणाली अध्यावधिक** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।पालिकाबाट तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा सहायक जिन्सी खातामा कुल ४३ वटा ल्यापटप रहेको देखिएकोमा ३४ वटा मात्र PAMS प्रणालीमा ईन्ट्रि भएको तथा वडा कार्यालयहरुमा प्रदान गरिएको ल्यापटपहरु समेत PAMS प्रणालीमा ईन्ट्रि हुँन बाँकी रहेको भनि उल्लेख गरेको हुँदा सवै ल्यापटपहरु PAMS प्रणालीमा ईन्ट्रि गरी पूर्ण रुपमा PAMS प्रणाली लागु गर्नु पर्दछ ।

२६ **जिन्सी मौज्दात** -

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागू गरेको छ । आर्थिक वर्ष २०८०।८१ को PAMS प्रतिवेदन अनुसार कार्यालयमा खर्च भएर जाने सामानको मौज्दात रु.६७ लाख ८८ हजार ५ सय ५८।- बाँकी रहेको देखिएको हुँदा मौज्दात सामान एकीन गरी आर्थिक वर्ष २०८२।८३ को (PAMS-V2) प्रणालीमा मौज्दात अ.ल्या. गर्नु पर्दछ ।

## २७ सरकारी सम्पत्ती अभिलेख-

स्थानीय सरकार संचालन ऐन, २०७४ को ९७(४) मा पालिकाले आफ्नो चल तथा अचल सम्पत्तिको उपयोग सम्बन्धमा अभिलेख अध्यावधिक राख्नु पर्दछ । पालिकाले आफ्नो मातहतको सार्वजनिक जग्गा, भवन लगाएतका सार्वजनिक सम्पत्तिको विवरण (PAMS) प्रणालिमा अध्यावधिक गरेको देखिएन । पालिका अन्तर्गतका सम्पुर्ण भवन तथा सरकारी जग्गाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा पुर्ण रुपमा विवरण अध्यावधिक गर्नु पर्दछ ।

## २८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

## २९ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र बर्गिकरण -

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।

• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ ।

• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सूचना पार्टी टाँस गर्नुपर्दछ ।

भू उपयोग ऐन, २०७६ को दफा १८ मा प्रत्येक स्थानीय तहमा स्थानीय भु उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भु उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवश्यकता अनुसार भु उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । गाँउपालिकामा भु-उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन गरी ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

## ३० अन्य निकाय खर्च-


सार्वजनिक निकायले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ ।पालिकाले खर्च रकम लेख्दा निजी तथा सामुदायिक रुपमा सञ्चालन रहेका संस्थाहरुले थप रकम आश्रीत सँग लिए नलिएको यकिन नगरी भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । यसरी भएको खर्च रकमलाई नियमित मान्न नसकिएको रु.

| गौ.भौ.न. | सहयोग प्राप्त गर्ने निकाय | अवस्थिती | भुक्तानी रु. |
|---|---|---|---|
| ६५-२०८२।१।२३ | पुस्पलाल मदन भण्डारी परिषदभवन निर्माण | फिदिम नगरपालिका | १०००००० |
| | हरिहंश स्मृतिप्रतिष्ठान भवन निर्माण | फिदिम नगरपालिका | १०००००० |
| जम्मा | | | २०००००० |

| | |
|---|---|
| अनियमित भएको | २०,००,००० |

३१ **चालु/प्रशासनिक खर्च नियन्त्रण -**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा रहेको र मापदण्डको दफा २६(२) मा स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ :



पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षक बाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

| क्र स | खर्च शिर्षक | २०८१।८२ | | २०८०।८१ | | २०७९।८० | |
|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| १ | विविधखर्च | ४५७८००० | ३२४३५६१ | ७८७६२२५ | ७०८७७४७ | ४९२८००० | ३२७१९३२ |
| २ | ईन्धनखर्च | २३७०००० | १९१५६६१ | १६८०००० | १२९८३४० | २४४०००० | २३७९८६४ |
| ३ | सवारीसाधन मर्मत खर्च | १६५०००० | १६४८१४४ | १८५०००० | १७७४८७३ | १२००००० | ८५०४९५ |
| ४ | बैठकभत्ता | १११५००० | ११११६०० | २२००००० | २०८०२५० | २७०६००० | २०५२४४० |
| ५ | पत्रपत्रिका छपाईसूचना प्रकाशन खर्च | १९५०००० | १६३७९५० | २०००००० | १६६६३६० | २१५०००० | १७७३६५८ |
| ६ | भ्रमण खर्च | २९७५००० | २८४२४७९ | ३४७५००० | ३३०००५९ | ३३४५००० | २२७३०८० |
| ७ | मसलन्दतथा कार्यालय सामाग्रीखर्च | २०४५००० | १९१६७५१ | १९०५००० | १८९७३६६ | २२५०००० | २१९४६२९ |
| | **जम्मा** | १६६८३००० | १४३१६१४६ | २०९८६२२५ | १९१०४९९६ | १९०१९००० | १४७९६०९७ |

३२ **कर्मचारी व्यवस्थापन-**

३२.१ पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गर्नु पर्दछ । पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचना अनुसारको ४५ जना दरबन्दी रहेकोमा सो बमोजिम पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। पालिकाले आ.ब.२०८०/०८१ मा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी ६२ दरबन्दी थप गरी १०७ जना कर्मचारीको दरबन्दी सभाबाट स्वीकृत गरेको देखियो । यसरी थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन।

**(विस्तृत विवरण बेरूजु दफा ३२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२.२ पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ जना पदपूर्ती भएको देखिन्छ भने पदपूर्ती मध्ये ५४ जना कर्मचारीहरू करारमा पदपूर्ती गरेको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।

३२.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम गरी पालिकाले यो वर्ष करार सेवा शुल्कमा रु.२ करोड ३ लाख २६ हजार ४ सय ३६ खर्च गरेको देखिएको छ । करार

नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । पालिकाले स्वीकृत दरवन्दीमा लोकसेवा आयोग मार्फत पदपूर्तीका लागि माग पठाए नपठाएको सम्बन्धमा जानकारी माग गरिएकोमा माग गरिएको र पदपूर्ती हुने क्रममा रहेको जनाएको छ ।

३३ **कर्मचारी कल्याणकारी कोष-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थपगरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०७८ तयार गरी सञ्चालन भएको देखिन्छ । पालिकाले एकमुष्ट सभाबाट रू.१० लाख छुट्टाएर कोषमा जम्मा गरेको छ। पालिकाले नियमबमोजिम कर्मचारी कल्याणकारी कोष सञ्चालन गर्नुपर्दछ।

३४ **परामर्श सेवा** -

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवाबाट खरिद गर्न सकिने व्यवस्था गरेको छ ।सार्वजनिक श्रोत साधन प्रयोग गर्ने निकायले परामर्श सेवा सम्वन्धी योजना छनोट तथा संचालन गर्दा कार्यान्वियन योग्यता हेरेरमात्र गर्नुपर्दछ । पालिकाले निम्न ९ कार्यको लागि परामर्श सेवा वापत रु.६४१८३२४ भुक्तानी गरेको छ । चालु बजेट तथा कार्यक्रममा निर्माण भएका विस्तृत परियोजना प्रतिवेदन मध्ये १ प्रतिवेदनको लागि बजेट बिनियोजन तथा प्राप्त भएको देखिएन ।बजेट विनियोजन नहुने योजनामा परामर्श सेवा अन्तर्गत कार्य गरिनु तथा खर्च लेखिनुले उक्त खर्च प्रयोजन विहिन हुन सक्ने देखिएकोले आवश्यकता तथा औचित्यता र कार्यान्वियन क्षमता समेतलाई विचार गरेरमात्र परामर्श सेवाबाट खर्च लेख्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्र.सं. | परामर्श सेवाको विवरण | कुल खर्च रु | उपयोग तथा कार्यान्वयन अवस्था |
|---|---|---|---|
| 1 | डिजिटल एकीकृत स्थानीय सरकार (ILG)प्रोफाइल | १३४९००० | प्रोफाइल तयार भएको |
| २ | हिलिहाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र बग्ने विभिन्न नदीबाट दिगो रुपमा डुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन तथा सङ्कलन कार्यको IEE प्रतिवेदन | ६९८००१ | ठेक्का आह्वान गर्ने |
| ३ | मध्यकालिन खर्च संरचना २०८२/ ०८३-२०८४/ ०८५ | ४४९९००.४६ | कार्यान्वयनमा रहेको |
| ४ | सम्पत्ति कर सम्बन्धी अध्ययन तथा सुझाव अन्तिम प्रतिवेदन २०८२ | ४५१५७७.३८ | कार्यान्वयनका लागि सभामा पेश गर्ने |
| ५ | स्थानीय शिक्षा योजना २०८२-२०९१ | ४५१४९४.८९ | कार्यान्वयनका लागि सभामा पेश गर्ने |
| ६ | बालस्थिति पत्र प्रतिवेदन २०८२ | ९१४५०० | कार्यान्वयनका लागि सभामा पेश गर्ने |
| ७ | दिगोविकास लक्ष स्थानीयकरण ढाँचा र दिगो विकास लक्ष गन्तब्य सन २०३० को रणनीतिक कार्ययोजना २०८२ | ८९८००० | कार्यान्वयनका लागि सभामा पेश गर्ने |
| ८ | हाम्रो हिलिहाङ आधारभूत तहको स्थानीय पाठ्यक्रम (कक्षा १- ८) | २८४९०० | कार्यान्वयनका लागि सभामा पेश गर्ने |
| ९ | हिलिहाङ गाउँपालिकाको पर्यटन गुरु योजना | ९२०९५० | कार्यान्वयनका लागि सभामा पेश गर्ने |
| जम्मा | | ६४१८३२४ | |

३५ **विविध खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.९६ लाख १५ हजार ५ सयको तुलनामा करिव ३३.७३ प्रतिशत अर्थात रू.४५,७८,००० विनीयोजन गरेको मध्ये रु. ३२,४३,५६१ खाना,खाजा, पानी, चिया, विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

३६ **कृषि अनुदान-**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार,

प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट विभिन्न व्यक्ति समुह तथा फर्महरुको लागि रु. ४९ लाख ७ हजार ८ सय खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| सि नं | संस्थाको नाम | प्रयोजन | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | युनिक कृषि तथा पशुपालन फर्म | कृषि | ९७,०००.०० | |
| २ | पाथिभरा कृषि तथा पशुपंक्षि फर्म | कृषि | ९७,०००.०० | |
| ३ | रिजाल जैबिक कृषि फर्म प्रा.लि. | कृषि | ३३१६७४. | |
| ४ | मालबासे कृषि तथा वंगुर बाख्रापालन फर्म | कृषि | ९७,०००.०० | |
| ५ | साम्रे महिला कृषक समूह | विपन्न महिला आयआर्जन अनुदान | ६३८३७५. | |
| ६ | सुजन कृषि फलफुल तथा पशुपंक्षी फर्म | कृषि | १४,७७५.०० | |
| ७ | श्री जनहित गैरीगाउँ कृषक समूह | कृषि | ५२२०७०. | |
| ८ | श्री नर्वदा बहुउद्देश्यीय कृषि तथा पशुपन्छी फर्म | कृषि | ९७,०००.०० | |
| ९ | सामुदायीक कृषि सहकारी संस्था लि. | कृषि | १९३०६०. | |
| १० | पुर्वेली कृषि सहकारी संस्था लिमिटेड | कृषि | ५९०७४७. | |
| ११ | श्री पाथिभरा डेरी उद्योग | कृषि | १६२६७०. | |
| १२ | केराबारी कृषि सहकारी संस्था लि. | कृषि | ९८,५००.०० | |
| १३ | महा पृथिमाया कृषि तथा पशुपन्छी फर्म | कृषि | ९८,५००.०० | |
| १४ | पुर्वेली अर्गानिक कफी उत्पादन तथा प्रशोधन प्रा. लि. | कृषि | ४३१८७४. | |
| १५ | हिमाली चिया उत्पादक सहकारी सस्थ्या | कृषि | १२२१४००. | |
| १६ | याक्थुङ युवा मञ्च | कृषि | २४,६२५.०० | |
| १७ | शुष्मा क्रषि फर्म | कृषि | ९८,५००.०० | |
| १८ | सिंहदेवि कृषि कफि तथा पशुपंक्षी फर्म | कृषि | ९२,६९२.०० | |
| | जम्मा रकम रु | | ४,९०७४६२.०० | |

• अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

• अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

• अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकीन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भई अनुदानको सही सदुपयोग भयो भन्न सक्ने अवस्था नदेखिदा अनुदानलाई प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३७ **धरौटी सदरस्याहा-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ६७ र ६८ को व्यवस्था अनुसार फिर्ता लिन नआएको, नाम नामेसि नखुलेको धरौटीलाई प्रयोजन समाप्त भएको वा शर्त बमोजिमको अवधि समाप्त भएपश्चात राजश्व आम्दानी बाध्नुपर्ने व्यवस्था छ ।कार्यालयमा अध्यावधिक धरौटी तयार नगरेको कारण कहिले देखीको धरौटी फिर्ता गर्न बाँकी रहेको हो लेखापरीक्षणको क्रममा यकिन गर्न सकिएन । सुत्र प्रणालीको विवरण अनुसार रु.१२३०८८००.२९ बाँकी रहेकोमा रु.१७२९४०४ को धरौटी राखेको प्रयोजन समाप्त भएको र सोबाट १ आर्थिक वर्ष समेत व्यतित भईसकेको देखिएको हुँदा कार्यालयले यकीन गरी आवश्यक प्रक्रिया पुरा गरी धरौटी सदरस्याहा तथा फिर्ता गर्नेपर्ने रु.

| सि.न. | धरौटी प्रयोजन | धरौटी राख्नेफर्म | रकम |
|---|---|---|---|
| १ | दरभाउपत्रखरिद | शेर्पा हाईड्रो कन्स्ट्रक्सन प्रा.लि.को धरौटी | ३२,२५०.०० |
| २ | कालोपत्रेसडक | नागी कन्स्ट्रक्सनको धरौटी | १६९५७५. |
| ३ | सडकनिर्माण | भोजपुरे कन्स्ट्रक्सनको धरौटी | ७८,०१०.३८ |
| ४ | kits books | Panchthar chappai and suppliersको धरौटी | ३७,३०५.०० |
| ५ | solar खरिद | Karmada suppliersको धरौटी | २७,०००.०० |
| ६ | total station | Asian Techno Traders pvt ltdको धरौटी | ३२,०००.०० |
| ७ | science lab | PHIDIM TRADE AND SUPPLIERSको धरौटी | ३२,३७०.०० |
| ८ | plastic tunnelखरिद | PHIDIM TRADE AND SUPPLIERSको धरौटी | ९८,७४०.०० |
| ९ | औषधिखरिद | अमन फार्मेसीको धरौटी | ५९,१६०.०० |
| कुल | | | ५६६४१०.३८ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३२,६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३६८,६७३.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६६८,०९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ५,६६,४१०.३८ |
|---|---|

३८ **पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै, खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दाको बैंक जमानत, सम्झौतामा तोकिएको शर्त, तरीका र अवधीमा पेश्की फछ्र्यौट अवस्था, ढिलो फछ्र्यौटमा नियम ५१ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म निम्न कार्यक्रम/योजनामा विभिन्न निर्माण व्यवसायी/निकाय/व्यक्ति तथा संस्थालाई रु ९४६९९६६ पेश्की दिएकोमा म्याद नाघेको पेश्की रु ५००००० रहेको छ । सो पेश्की सुत्र प्रणालीमा समस्या देखिएकोले रहन गएको हो भन्ने पालिकाको भनाई रहेको छ । अत सो सम्बन्धमा आवश्यक समन्वय गरी प्रमाण पेश गरी बाँकी पेश्की समेत समयमानै फर्यौट गरी प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने | चालु आ. व. | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | | म्याद नाघेको |
| | | | | | रकम | फछ्र्यौटको अन्तिम म्याद | |
| १ | २०८२/०३/१६ | ८ | सिमान्तकृत महिलाहरुको लागि आर्थिक आत्मनिर्भर कार्यक्रम | केशव प्रसाद तिमल्सिना | ० | २०८२/०३/३० | ५००००० |
| २ | २०८१/०९/०९ | २२ | प्रशासकीय भवन निर्माण आयोजना | भावना/लो जे भि | २१६९९६६ | २०८२/०७/१० | ०.०० |
| ३ | २०८१/१०/१८ | २४ | प्रशासकीय भवन निर्माण आयोजना | भावना/लो जे भि | ३६००००० | २०८२/०७/२५ | ०.०० |
| ४ | २०८१/१२/०१ | ३१ | प्रशासकीय भवन निर्माण आयोजना | भावना/लो जे भि | ३२००००० | २०८२/१०/०८ | ०.०० |
| कुल जम्मा | | | | | ८९६९९६६ | | ५००००० |

| पेश्की | ५,००,००० |
|---|---|

३९ **भ्रमण अभिलेख खाता-**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछी सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ। यस आर्थिक बर्षमा कर्मचारी तथा पदाधिकारीको भ्रमण खर्च बापत पालिकाले रु. २१,९७,९०० भुक्तानी गरेको छ। पालिकाले भ्रमण अभिलेख तयार गरेको छैन।नियमानुसार भ्रमण अभिलेख राख्नुपर्दछ।

४० **सवारी मर्मत खर्च-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५ (५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मतमा र मेशिनरी औजार मर्मतमा यस वर्ष रु. २५,३३,६०० र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउनु पर्दछ। सबै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत संरक्षण अभिलेख खाता राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मत कार्य सार्बजनिक खरिद ऐन नियम बमोजिम नगरी सिधै खरिद गरेको देखियो। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिनुका साथै खरिद विधिको पालना गरेको पाईएन। खरिद विधिको पालना गर्दै यस प्रकारका खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

४१ **मसलन्द तथा कार्यालय सामाग्री खरिद-**

सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शीर्षकमा यस वर्ष रु. १७,७०,००० खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ट विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी देखिन्छ । पटक पटक टुक्रा गरी खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

४२ **गाडी भाडा दर-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दर रेट समितिले पाँचथर जिल्लाको आव २०८१।८२ का लागि स्वीकृत जिल्ला दररेटले महिन्द्रा, सुमो, बोलेरो वा सो सरहको भाडा (इन्धन बाहेक) प्रतिदिन रु. ७००० कायम गरेको छ। पालिकाले यस किसिमका गाडी भाडा लिँदा इन्धन सहित प्रति दिन रु.१०००० देखि रु.१३२०० सम्म एकमुष्ट राखी सम्झौता गरेको छ। जिल्ला दररेटमा भएको रकममा दुरी यकिन गरी इन्धन खर्च निकालेर सो रकममा सम्झौता गर्नुपर्नेमा एकमुष्ट सम्झौता गरेकोले भाडा यथार्थ रहेको भनी एकिन गर्न सकिएन। पालिकाले जिल्ला दर रेट बमोजिम गाडी भाडामा लिनुपर्दछ।

४३ **घर बहाल-**

आर्थिक बर्ष २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन को बुदाँ नं. ६५ मा सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिनु पर्ने, त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्ने तथा सरकारी प्रयोजन भनी कर्मचारीको आवासका लागि घर वहाल लिएको पाईएमा सो रकम सम्बन्धित कर्मचारीले नै भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिका बर्षमा भाडा बापत रु. ६,००,००० खर्च गरेको छ। आवश्यकताका आधारमा घर बाहल लिई उद्वेश्य बमोजिम प्रयोग भएको सम्बन्धमा पालिका सुनिश्चित हुनुपर्दछ।

४४ **समिति बैठक भत्ता-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **उपाध्यक्षको बैठक भत्ता-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **कृषि तथा पशु विकास अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट पशुविकास तर्फ ३५ व्यक्ति तथा संस्थालाई रु १४९४१४८ रु कृषि विकास तर्फ ३ सहकारी सस्था , ८ कृषि फर्म, १ कम्पनि, २ कृषि समुह र २५५९ जना व्यक्तीलाई रु रु ७३८३४३० गरी जम्मा रु ८८७७५७८ अनुदान वितरण गरेको छ । यस्ता खर्चको सदुपयोगको लागि अनुदानको नियमितअनुगमन भएको देखिदैन र पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

४७ **चुन खरिद-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४८ **मौरिको घार खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दर रेट समितिले आर्थिक बर्ष २०८१।८२ लाई पाँचथर जिल्लाको लागि प्रति मौरि घारको मुल्य रु. ३,७०० रहेको छ। पालिकाले दमक कृषि डेरी संसार एण्ड एग्रो प्रा.लि.बाट प्रति घार ५८०० दरले ३४ वटा जम्मा रु. १,९७,२०० मा खरिद गरेको छ। पालिकाले प्रति घार रु. २१०० ले ३४ वटा घारको रु. ७१४०० नियमबिपरित भुक्तानी गरी खरिद गरेको देखिन्छ। पालिकाले भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७१,४०० |

४९ **वितरण भरपाई नभएको**- (६३७-2082-03-22):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२१४,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **उपभोक्ता समिति/टोल विकास संस्था मार्फत कार्य -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । गाउँपालिकामा उपभोक्ता समिति मार्फत भएका कार्य मध्ये केही कार्यहरुको नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नको

लागि पालिकाले टोल विकास संस्था गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा मिति २०७७ चैत्र ३१ गते टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधी, २०७७ जारी गरेको छ । योजना तथा कार्यक्रम संचालनको क्रममा देहायको अवस्था देखिएको छ ।

- हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति/टोल विकास संस्थामार्फत नगराउनु पर्नेमा सो समेत गराएको छ । संस्था मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

- योजना कार्यान्वयनको लागि संस्था र पालिकाबीच सम्झौता गरेपनि सम्झौता किताबमा रहेका ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

- कुनैपनि टोल बिकास संस्थासँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

- पालिकाले संस्थालाई एकमुष्ट भुक्तानी गरेको छ । सार्वजनिक परीक्षण भनी सम्झौता किताबमा रहेको ढाँचा आंशिकरुपमा भरी राखेको छ । अनुगमन समितिवाट अनुगमन भएको देखिन्छ तर अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

- टोल विकास संस्थासँग सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता संस्थाको लगत राख्ने काम भएको छैन ।

- टोल विकास संस्थामार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण गर्ने तथा उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

- टोल विकास संस्थामा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न पालिकाले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटी नियन्त्रण गर्नुपर्दछ ।

५१ **नापी किताब प्रबिष्टी एवं अभिलेख -**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम

समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहने देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

५२ **स्थलगत निरीक्षण** -

गाँउपालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आफै वा जिम्बेबार अधिकारी तोकी अनुगमन गराउनुपर्ने व्यबस्था छ । पालिकाले भुक्तानी श्रेस्तासाथ संलग्न गरेको योजना अनुगमन फारममा आंशिक विवरण भरी अन्य विवरणहरु खाली राखेर नै संलग्न गरिने गरेको देखियो । अनुगमन पश्चात दिएको योजनाको प्रतिबेदनमा योजनाको कार्यान्वियनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी लगायतको कुराहरु उल्लेख भएको देखिएन। उपरोक्त विवरणहरु नदेखिनाले वास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको तथा अनुगमनको वास्तविक उदेश्य अनुरुप भन्दा प्रकृयामूखी मात्र भएको छैन भन्न सकिएन । भौतिक पुर्वाधार तर्फका योजनाहरुको अनुगमन प्रतिवेदन भएकोले पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना,तालिम कार्यक्रम, बितरणमुखी कार्यक्रम तथा क्षमता बिकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ ।

५३ **नर्म्स विपरीत भुक्तानी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा आफ्नो क्षेत्रभित्र हुने निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला तथा भाडाको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले आफ्नो क्षेत्रभित्रका लागि न्यूनतम दररेट तोकी सो को कार्यान्वियन समेत गरेको देखिन्छ । विभिन्न योजनामा स्वीकृत नर्म्समा स्थानीय दररेटको प्रयोग गरी गणना गर्दा कम परिमाण सामाग्री प्रयोग भएको र सोहि परिमाणको बिजक तथा भरपाई पेश हुँदा समेत नर्म्स बमोजिमकै पुरै परिमाण गणना गरी रकम भुक्तानी भएको देखियो । जसबाट निम्न योजनामा देहायबमोजिम रकम बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित समितिबाट असुल गर्नुपर्ने रु.

| **गौ.भौ./मिति** | **योजनाको नाम** | **भुक्तानी कर्ता** | **भुक्तानी रकम** | **विवरण** | **परिमाण** | **नापी कितावमाउल्लेख भएको परिमाण/ दर** | **बिल बमोजिम पेशभई भुक्तानी भएको परिमाण/दर** | **फरक** | **भुक्तानी दर** | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४८-२०८२। ३।२३ | थोकफेला थाङबेनसमुह सामुदायिक भवन निर्माण हिलिहाङ ३ | थोकफेला थाङबेनसमूह | ९६०००० | रड | १७००.१२के.जी. | १७००के.जी. | १७७०के.जी. | ७०के.जी. | १४५.११ | [illegible] |
| कुल जम्मा | | | | | | | | | | [illegible] |

( ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,५४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१९,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,१५८ |

५४ **साझेदारीमा कार्यक्रम संचालन :-** (१२३-2082-03-23):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१३१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५५ **एच.डि.पि.पाइपको खरिद तथा वितरण (HRM/SD/Goods/081/082/02) -**

पालिकाले विभिन्न वडाकार्यालयको माग बमोजिम पाइप खरिदको लागि मिति २०८२।१।१ मा सूचना प्रकाशन गरेकोमा २ वटा मात्र फर्मले सूचना बमोजिमको कागजात पेश गरेको भनी बोलपत्र समितिको मिति २०८२।१।२९ गतेको निर्णयनुसार मिति २०८२।२।१ मा पुन सूचना प्रकाशन गरेकोमा एक फर्मले पहिलो सूचनामा पेश गरेको रसिद प्रयोग गरेकोले अयोग्य ठहर गरी गोल्डेन ट्रेड एण्ड सप्लायर्स फिदिमसँग रु.७९२८४८ (भ्याट सहित) सँग सम्झौता गरेको छ । चार प्रकारका गरी १३८९५ मिटर एचडिपिई पाइप खरिद गरेकोमा सो पाइपबाट वडा नं.१,३,४,५ को वितरण भरपाई र मुक्तरा सिचाँई आयोजनाको निवेदन समेत गरी कुल १००२० मिटर वितरण गरिएको छ । वडा नं. ७ का एक जना वडासदस्यले ३२०० मि. पाइप बुझेको देखिएकोमा सो को वितरण भरपाई पेश भएको छैन । खरिद भएको परिमाणमध्ये ६७५ मि. पाइप कुनै वडाले बुझेको नदेखिएको र मौज्जादमा समेत रहेको नदेखिँदा बार्षिक रुपमा वडाले समेत यस्तै प्रकृतीको पाइप खरिद गरेको देखिएकोले दोहोरो नपर्ने गरी वितरण भएको सुनिश्चितता पेश गर्नुपर्दछ ।अत: उल्लेखित विवरण बमोजिम वडा नं. ७ को ३२०० मी. र बाँकी ६७५ मी. सहित कुल ३८७५ मी. परिमाणको सम्बन्धमा पालिकाले यकिन गरी प्रमाण कागज पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२१,००० |

५६ **वडा नं. ७ को प्रशासनिक भवन निर्माण (HRM/NCB/Works/080/081/01) -**

पालिकाले वडा नं.७ को प्रशासनिक भवन निर्माणको लागि रु.१०१५८४०० को लागत अनुमान तयार गरी मिति २०८०।९।१३ गते रु.६८८९३४४।७९ (पिस र भ्याट बाहेक) मा मिति २०८१।२।२० गते कार्यसम्पन्न गर्ने गरी टेक एण्ड सपना कन्सट्रक्सन प्रा.ली. सम्झौता भएको देखिन्छ । जसमा देहाय बमोजिमको व्यहोरा देखिएको छ :-

५६.१ **बढी व्यय भार -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले समपुरक अनुदान सम्बन्धी कार्यविधी २०८१ को दफा ९ को १ को व्यवस्था बमोजिम कार्यक्रम संचालन गर्दा ५०-५० प्रतिशत लागत साझेदारी हुनुपर्ने व्यवस्था रहेको छ । जस अनुसार कुल रु.६८८९३४४।७९ (पिएस र भ्याट बाहेक) मा उक्त भवन निर्माण गरेकोमा सो को ५० प्रतिशत रकममात्र पालिकाले भुक्तानी गर्नुपर्नेमा तोकिएको भन्दा रु.१६६४१०.१६ बढी भुक्तानी गरेको छ । समयमा नै खर्च नगरी पटक पटक म्याद थप गर्दा पालिकालाई संघीय सरकारबाट प्राप्त हुने रकम वर्षान्त पश्चात फिर्ता भएकोले पालिकालाई अतिरिक्त व्ययभार वढी हुन गएको देखिन्छ ।

५६.२ **बीमा अवधी -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३९,२०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **दोहोरो ठेक्का कार्य :-** (१३७-2082-03-22):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यसमा ६ नं. स्वास्थ्य चौकी शौचालय निर्माणको कार्य कान्छीहाङमा निर्माण सेवासँग २०८२।२।३० मा मिति २०८२।३।१५ गते भित्र कार्यसम्पन्न गर्नेगरी मु.अ.कर सहित रु.३४६५६८ मा सम्झौता भएको छ । निर्माण स्थल भएको स्थानमा स्वास्थ्य चौकीको भवन निर्माणको लागि गोल्डेन निर्माण सेवासँग मिति २०८१।९।११ मा रु.३६३९४८५(मु.अ.कर सहित) मिति २०८२।३।१० सम्पन्न गर्नेगरी मा सम्झौता भएको देखिएको छ । पालिकाले एउटै स्थानमा गर्ने कार्यको लागि ठेक्का तथा सोझै खरिद गरी निर्माण कार्य गरेको देखिन्छ र दोहोरो गरी गर्नुपर्ने कारण समेत स्पष्ट देखिएन। अत: एउटै समयमा गर्नुपर्ने कार्यलाई ठेक्काको समयावधी हुदाँहुदै पुन सोझै खरिद मार्फत कार्य गराएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,४६,५८६ |

५८ **पर्यटकीय पूर्वधार निर्माण कार्यमा वढी भुक्तानी-**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१३६,०२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **हिलिहाङ्ग दरवार संरक्षण तथा पूर्वाधार निर्माण कार्यक्रम :-**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८७,३७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६० **उपभोक्ताको लागत सहभागिताको रकम भुक्तानी** - (१९६-2082-03-25):

सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदानको सम्बन्धमा उल्लेख छ । पालिकाले सुभाङ्ग वृहत पम्पिङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई रु.११२८४०६ भुक्तानी गरेको देखिन्छ । पालिकाले निर्माण कार्यको लागत अनुमान तयार गर्दा माटो काट्ने काम र खनेको ठाँउमा माटो भर्ने कामको लागी जम्मा लागत १६६०९२४ को अनुमान तयार गरी पालिकाले रु.१४४०००० भुक्तानी गर्ने गरी लागत अनुमान स्विकृत गरी १११९४८१ भुक्तानी भएको छ । मिति २०७८।१।११ मा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना इलाम र सुभाङ्ग वृहत पम्पिङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाबिच सम्झौतामा उपभोक्ता समितिले कुल लागत अनुमानतको १० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख गरी सम्झौता समेत भएको देखियो । अत आयोजना कार्यालय इलाम र उपभोक्ता समितिबिच भएको सम्झौतामा पालिकाले सो आयोजनामा कुनैपनि आर्थिक दायित्व वहन गर्नुपर्ने व्यवस्था भएको नदेखिदा संघीय कार्यालयबाट सँचालन हुन लागेको योजनाको जनश्रमदान बापतको रकम लाभग्राही स्थानिय जनसहभागीताबाटै व्यहोर्नु पर्नेमा गाँउपालिबाट बिना आधार भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको रकम सम्बन्धित सुभाङ्ग वृहत खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२८,४०६ |

६१ **बाटो मर्मत** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम योजना तर्जुमा गर्दा प्राथामिकता निर्धारण गरी सोही बमोजिम योजना तर्जुमा गर्नुपर्ने देखिन्छ । पालिकाले आ.ब.२०८१/८२ मा पालिकाभित्रका विभिन्न वडाहरुमा वाटो सरसफाई वापत रु.१२६३८८८ खर्च गरेको देखिन्छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सडकको अवस्था देखिने विवरण तयार नगरेको कारणले वडाभित्र के कति सडक रहेका छन र कति सडक सफा गर्नुपर्ने हो यकिन गर्ने आधार देखिदैन ।पालिकाले आफ्नै स्वामित्वमा रहेको व्याक ह्यो लोडरमा इन्धनको

प्रयोग गरी सरसफाई गर्ने गरेको जनाएको छ । अत: पालिकाले प्रत्येक वर्ष गर्ने यस्तो खर्चमा नियन्त्रण गरी दिर्घकालिन सडक निर्माणमा ध्यान दिनुपर्दछ ।

| गौ.भौ./मिति | योजना | भुक्तानी रू. | कामको परिमाण |
|---|---|---|---|
| ६६-२०८२।१।२५ | सडक सरसफाई वडानं. ६ | ५९९०३८ | ६७२९ मिटर |
| ६७-२०८२।१।२८ | मोटर बाटोसरसफाइ वडा नं. २ | १४०००० | १४४० मिटर |
| ८८-२०८२।३।९ | हिलिहाङ ७स्थित मोटर बाटो सरसफाई | ७६५२५ | ६० मिटर |
| १५९-२०८२।३।२३ | ढकालगाउँ-मानेडाँडार चतुरे-जैसीडाँडा सडक मर्मत वडा नं. ६ | ७६८७८ | ७९३ मिटर |
| १८८-२०८२।३।२५ | हिलिहाङ ७स्थित मोटर बाटो सरसफाई | ३१०४९० | ४१४१ मिटर |
| १८९-२०८२।३।२५ | वडा नं. ५ को मोटरबाटो सरसफाई | ६०९५७ | ३९० मिटर |
| जम्मा | | १२६३८८८ | १३५५३ मिटर |

## ६२ प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहाय बमोजिमको योजनाको निर्माण कार्यको लागि स्थानीय व्यक्तीबाट प्राकृतिक स्रोत ढंगा खरिद गरेको भनी पालिका दररेट बमोजिम उपभोक्ता समितिलाई भरपाई गरी रकम भुक्तानी गरेको देखिन्छ । कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को अनुसूची ६ को सि.न. ६ मा निजी जग्गा वा व्यक्तीको स्वामीत्वमा रहेको जग्गाको ढुंगा गिटी लगायतको स्रोतको बिक्री अनुमती दस्तुर प्रति क्यु. फिट रू.२ का दरले शुल्क लाग्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भित्रका योजनामा प्रयोग भएको स्रोतमा समेत तोकिएबमोजिम शुल्क बुझाएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्रभित्रका व्यक्तिगत स्वामित्वका जग्गामा रहेको ढुंगा, गिटी लगायतका स्रोतको पहिचान गरी तोकिएको शुल्क बमोजिम राजश्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| भौ.न./मिति | योजनाको विवरण | भुक्तानी रकम | समितिको नाम | प्रयोग भएकोढंगाको परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| ७८-२०८२-२-२२ | आत्म पवित्रमाडिम भौतिक व्यवस्थापन | ३८४००० | गुंरासे नागीउपभोक्ता समिति | ६६५०क्यू फिट | २ | १३३०० |
| ९०-२०८२।३।१२ | तुङनुपाग्याविन वाल निर्माण | २८८००० | श्री महांगुरुफाल्गुनन्द संसारीडाडा माङहिम | २४६०क्यू फिट | २ | ४९२० |
| ९४-२०८२।३।१२ | शुशुलुङआधारभूत विद्यालयमा मोटरबाटो सहित पहिरो सरसफाई तथा ग्याविन वाल निर्माण | ४८०००० | श्री सुसुलुङआधारभूत विद्यालय | ३३९०क्यू फिट | २ | ६७८० |
| १३५-२०८२।३। २२ | प्रधानमन्त्रीरोजगार साझेदारी | ४९१७०५ | किवा उपभोक्तासमिति | ६९२२क्यू फिट | २ | १३८४५ |
| जम्मा | | | | | | ३८८४५ |

## ६३ ढुगा गिटी वालुवा-

गाँउ कार्यपालिकाको मिति २०८१।५।२४ को बैठकबाट पालिका भित्र रहेका निम्न स्थानबाट निम्नानुसारका खोलाहरुबाट श्रोत वस्तु उत्खनन गर्ने कार्यका लागि ठेक्का प्रकृया अगाडी वढाउने निर्णय गरेको पाईयोः

| कं स | उत्खनन क्षेत्र | खोला | श्रोतवस्तु | क्षेत्रफल वर्ग मिटर | परिमाण घ मि |
|---|---|---|---|---|---|
| १ | तमोल कावेली खोला त्रिवेणी आँपेगांड आसपास हिलिलाङ गा पा को क्षेत्र तर्फको किनारा मात्र | तमोर खोला र कावेली खोला | रोडा वालुवा गिट्टी | १४६०३ | ५८४१ |
| २ | कावेली झोलुगे पुल आसपास हिलिलाङ गा पा को क्षेत्र तर्फको किनारा मात्र | कावेली खोला | रोडा वालुवा गिट्टी | ३५५६ | १४१२ |
| ३ | थाम्देन वगर हिलिलाङ गा पा को क्षेत्र तर्फको किनारा मात्र | तमोर खोला | रोडा वालुवा गिट्टी | २३०९८ | ९२३९ |
| ४ | पिनासीटार वगर हिलिलाङ गा पा को क्षेत्र तर्फको किनारा मात्र | तमोर खोला | रोडा वालुवा गिट्टी | ४९४१ | १९७६ |
| ५ | भुते वगर हेवा हाईड्रो आसपास हिलिलाङ गा पा को क्षेत्र तर्फको किनारा मात्र | हेवा खोला | रोडा वालुवा गिट्टी | १८५७ | ७४३ |

*नोटः माथि उल्लेख भएको उत्खनन गर्न सकिने परिमाणका लागि जेनियल न्यूज प्रा लि सातदोवाटो ललितपुर मार्फत अध्ययन वा IEE गरिएको आधारमा तयार गरिएको ।*

उपर्युक्त स्थान र परिमाणमा उत्खनन कार्यका लागि एकै प्याकेज वनाई न्यूनतम ठेक्का अंक कर वाहेक रु ४७४७८३४। कायम गरी ईविडिङ मार्फत बोलपत्र आव्हानका लागि मिति २०८१।५।२७ मा सुचना प्रकाशन गरेकोमा कुनै पनि ठेक्का नपरेको पाईयो । पालिकाले पुनः दोश्रो पटक ३ वटा प्याकेज वनाई २०८१।७।१३ मा अर्को सुचना आव्हान गरेकोमा दोश्रो पटकको सुचना आव्हानमा समेत कुनै वोलपत्र पेश नभएकोले तत्पश्चात खुला वोलपत्र आव्हानको सुचना निकालेको पाईएन । वोलपत्र नपरेको कारण उत्खनन कार्यका लागि तेश्रो पक्ष संग सम्झौता नभए तापनि पालिकाले उपभोक्ता समिति र कावेली जलविधुत आयोजना र एपेक्स कन्सट्रक्सन प्रा लि लाई पटके रुपमा उत्खनन गर्न अनुमति दिई रु १२६८३८६।५२ राजस्व संकलन गरेको पाईयो।ति निकायहरुबाट गरिएको उत्खनन कार्यको नियमित रुपमा अनुगमन गरी उत्खननको वास्तविक अवस्था एकिन गर्ने नगरेको कारण उत्खनन कर्ताले जति वुझाउन ल्याउछ त्यति मात्रै वुझ्ने गरेको अवस्था छ । अनुमति दिदा पालना गर्नु पर्ने भनी तोकिएका शर्तहरु पालना नगरेको सम्वन्धमा नियमित अनुगमन गरी वास्ताविक उत्खननको राजस्व संकालन गरिनुपर्दछ ।

## ६४ प्रशासकीय भवन-

### ६४.१ संचित कोषमा फिर्ता गर्नुपर्ने -

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४.२ **पेश्की जमानत**- एस ए एस कन्सट्रक्सन प्रालि ले प्रशासकीय भवन निर्माणमा लिएको पेश्की मध्ये रु ५००००००। हाल सम्म फस्यौट भएको पाईएन । कृषि विकस बैल लि वाट मिति २०२२।०९।१६ मा शंसोधित गरेको APG012/0011/6779/22 जमानतको अवधि १९ अगस्ट २०२३ सम्म रहेकोमा सो जमानतको अवधि अगावै अर्थात २०७९।८।२७ मा पालिकाले बैकलाई उक्त जमानत रोक्का गरिदिन पत्राचार गरेको पाईयो। ।आ व २०८०।८१ को लेखापरिक्षण हुदा उक्त पेश्की रकम जमानत वाट असुल गर्नु पर्दछ भनी लगती बेरुजु कायम भएकोमा हाल सम्म पनि उक्त रकम प्राप्त भएको छैन । बैकबाट उक्त जमानत प्राप्त गर्नुपर्दछ ।

## ६५ खेलकुद कार्यक्रम संचालन-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न मेला समिति, क्लव मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई खेलकुद खर्च दिने कार्य भएको देखिएकोले स्रोत साधनको समुचित उपयोग नभएको देखिन्छ। खेलकुद कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ। पालिकाले खेल क्षेत्रमा लगानी गरेपनी पालिकामा सम्भाबना बोकेको खेलको पहिचान नगर्नु, खेलाडी सूची दर्ता गरी पालिकाका खेलाडी निर्माण नगर्नु, खेल क्षेत्रको संरचना विकासको लागि लगानी हुन नसक्नु लगायतका समस्या देखिन्छन्। पालिकाले खेल क्षेत्र व्यवस्थापनका लागि आवश्यक कार्यविधि बनाई खेल र खेलाडीको बिकासको लागि बजेट खर्च गर्नुपर्दछ। पालिकाको बार्षिक बजेट तथा कार्यक्रम अनुसार पालिका स्तरीय तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. २३,८१,५०७ भुक्तानी गरेको छ । आन्तरिक श्रोत साधनलाई समेत ध्यान दिई समुचित उपयोग गर्दै खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

| गो.भौ.नं. /मिति | भुक्तानी लिनेको नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| ३९।२०८१।६।२६ | केन्द्र कुमार योङहाङ | ३६७५० |
| १२६।२०८१।९।९ | सिद्ध फाल्गुन्द समाज सुधार समुह | २९०००० |
| १७७।२०८१।१०।२२ | नारायण प्रसाद ओझा | ११५३९ |
| १८२।२०८१।१०।२४ | न्यू इन्द्रेणी युवा क्लब | ५०००० |
| १९९।२०८१।११।९ | कावेली युवा क्लव | ४७६३५ |
| २४५।२०८१।१२।२० | सेसेहाङ क्लब | ९६००० |
| ३३०।२०८२।०१।२३ | अध्यक्ष कप अन्तरपालिका रनिङ भलिबल प्रतियोगिता | ७००००० |
| ३४७।२०८२।१।२८ | धिरज पटेल | २५०००० |
| ३८२।२०८२।२।२१ | नारायण प्रसाद ओझा | १६९२३ |
| ४५१।२०८२।३।१२ | नारायणी कडेल | ९४७६० |
| ४६४।२०८२।३।१२ | छातेलुङ युवा सेवा समाज | १९७००० |
| ४७९।२०८२।३।१५ | बिना बस्नेत | २५०००० |
| ६०४।२०८२।३।२१ | जनहित युवा मञ्च | १४९९०० |
| ७२५।२०८२।३।२४ | विरेन्द्र सुहाङ | ९१००० |
| ७५६।२०८२।३।२५ | विरेन्द्र सुहाङ | १००००० |
| जम्मा | | २३,८१,५०७ |

६६ **तालिम तथा कार्यक्रम खर्चको उपलब्धी –**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले स्वरोजगारी सृजना, क्षमता विकास, उद्यमशिलता प्रर्वधन गर्ने जस्ता उद्धेश्यले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ।यद्यपी पालिकाले कार्यक्रमहरु सञ्चालन पश्चात लक्षित व्यक्ति तथा समुहको कार्यसम्पादन तथा जीवनशैलीमा भएको परिवर्तन तथा स्वरोजगारी सृजना भएको अवस्था बारे अध्ययन गरेको छैन। पालिकाबाट बर्षेनी यस्ता कार्यक्रमहरु सञ्चालन हुने तर प्रतिफलको सम्बन्धमा पालिका

अनविज्ञ रहने अवस्थामा खर्चको प्रभावकारीता देखिदैन। पालिकाले यस आर्थिक बर्षमा सञ्चालन गरेका कार्यक्रमहरुको अध्ययन गरी लक्षित बर्गमा परेको प्रभाव, आगामी बर्षहरुमा सञ्चालन गरिने कार्यक्रहरुको पहिचान तथा सुधारका विषयहरुमा जानकार हुनुपर्दछ। पालिकाले सञ्चालन गरेका केही तालिम/कार्यक्रमका उदाहरणहरु:

| क्रसं | कार्यक्रम | खर्च |
|---|---|---|
| १ | महिला आयआर्जनका लागि सीप विकास तालिम | ६२९५२३ |
| २ | किशोर किशोरी कम्प्युटर तालिम | १,२९,००० |
| ३ | किशोर किशोरी क्षमता विकास कार्यक्रम | ९९,५०० |
| ४ | महिला नेतृत्व विकास तालिम | ५०,००० |
| ५ | मेलमिलाप सम्बन्धी पुर्नताजकी तालिम | २,६९,५०० |
| ६ | युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम | ६,९८,००० |
| ७ | नविनतम खेति प्रविधि सम्बन्धी अगुवा कृषक तालिम | १,४०,००० |
| ८ | महिला आयआर्जनका लागि सीप विकास तालिम | १,९७,००० |
| ९ | एक घर एक करेसाबारी निर्माण कार्यक्रम | ५,५०,००० |
| १० | जलवायु परिवर्तन, गरिबि निवारण, सुशासन र सेवा प्रवाह सम्बन्धी अध्ययन, अवलोकन तथा मूल्याङ्कन र समीक्षा कार्यक्रम | ३४२००० |
| ११ | सहकारी लेखा व्यवस्थापन तथा कोपोमिस तालिम | २०९८०० |

६७ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ। विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

| गोश्वारा भौचर नं | कार्यक्रम | रकम |
|---|---|---|
| २६०, २०८१।१२।२० | न्यानो कपडा वितरण | २१४९८२ |
| ६२७, २०८२।३।२१ | विद्यार्थीलाई पोशाक बितरण | ७५१५४४ |
| ६३६, २०८२।३।२२ | जर्सि वितरण | ४२९९९ |

६८ **शिक्षक तलब अनुदान-**

सिंहपुर पशुपति माध्यामिक विद्यालयले च नं ००८ 'क' मिति २०७८।६।१ गतेको नियुक्ती पत्रबाट श्री भोला गौतमलाई विद्यालयको स्रोतबाट प्रति विषय मासिक ३००० तलब भत्ता पाउने गरी विद्यालय शिक्षकको रुपमा नियुक्त गरेको देखिन्छ। विद्यालयको आन्तरिक स्रोतबाट तलबभत्ता भुक्तानी हुने गरी नियुक्त भएको र निज शिक्षकलाई पालिकाबाट नियुक्ती नदिएको अवस्थामा तलब भत्ता भुक्तानीको दायित्व पालिकामा सिर्जना हुने अवस्था देखिदैन। पालिकाले विद्यालयलाई आर्थिक बर्ष २०८०।८१ को तलब भत्ता बापत गोभौ नं ५७५, २०८२।३।१९ बाट ५००००० र आर्थिक बर्ष २०८१।८२ को तलबभत्ता बापत ७५५, २०८२।३।२५ बाट रु. ५०००० गरि जम्मा रु. १०,००,००० भुक्तानी दिएको छ। शिक्षकको तलबभत्ता बापतको रकम पालिकाले विद्यालयलाई भुक्तानी गर्नु नियमसम्मत देखिदैन। यसरी भुक्तानी भएको रकम अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

६९ **तलबी प्रतिवेदन-**

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४२(३) मा तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।५।१८ च नं १८० को परित्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने उल्लेख गरेको छ। पालिकाले यस आर्थिक बर्षमा तलबी प्रतिवेदन पारित नगरी ग्रेड रकम बापत रु. ८,९५,६६१ भुक्तानी गरेको छ। पालिकाले तलबी प्रतिवेदन पारित नगरी ग्रेड रकम भुक्तानी गरेकोले उक्त रकम एकिन गर्न सकिएन। तलबी प्रतिबेदन पारित गरेरमात्र तलब तथा ग्रेड रकम भुक्तानी गर्नुपर्दछ।

७० **शिक्षा तर्फ**

७०.१ **गाउँपालिका अनुदानवाट शिक्षक तलब भत्ता व्यवस्थापनः** शिक्षा नियमावली , २०५९ को नियम ९२ को शिक्षक विधार्थी अनुपात सोहि नियमावलीको अनुसूची १२ वमोजिमको दरबन्दी एकिन गर्नुपर्ने प्रावधान रहेको छ । अन्तसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता ससर्त अनुदानमा उपलब्ध गराउने प्रावधान रहेको छ। तोकिए बमोजिम शिक्षक विधार्थीको अनुपात कायम गरी शिक्षक नपुग हुने अबस्था देखिएमा मात्रै पालिकाले आन्तरिक स्रोतबाट तलब भत्ता व्यवस्थापन गर्नुपर्नेमा शिक्षक विधार्थीको अनुपात कायम नगरी शिक्षकको तलब भत्ता वापत यर वर्ष रु. ३१०१८५४ खर्च लेखेको देखिन्छ। ऐन तथा नियमावलिमा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | तह | शिक्षक संख्या | तलव स्केल | जम्मा १३ महिनाको तभ |
|---|---|---|---|---|---|---|
| १ | अमरज्योती आवि | हिलिहाङ-१ | निम्न मावि | १ | २३००० | ५४४३३ |
| २ | सिहापुर पशुपति मावि | हिलिहाङ-२ | निम्न मावि | १ | २३००० | २९९००० |
| ३ | शिवालय आवि | हिलिहाङ-३ | निम्न मावि | १ | २३००० | २९९००० |
| ४ | सिद्ध मावि | हिलिहाङ-४ | निम्न मावि | १ | २३००० | २९९००० |
| | | हिलिहाङ-४ | उच्च मावि | १ | ४८७३७ | ६३३५८१ |
| ५ | लाली गुराँस आवि | हिलिहाङ-६ | प्रा.वि | १ | २०१२५ | २६१६२५ |
| ६ | मौलो डाँडा आवि | हिलिहाङ-६ | प्रा.वि | १ | २०१२५ | २६१६२५ |
| ७ | मानेडाँडा आवि | हिलिहाङ-६ | निम्न मावि | १ | २३००० | २९९००० |
| ८ | सिद्धकाली मावि | हिलिहाङ-६ | मावि | १ | २६७१५ | ३४७२९५ |
| ९ | सिद्धेश्वरी मावि एकचेपा | हिलिहाङ-७ | मावि | १ | २६७१५ | ३४७२९५ |
| | जम्मा | | | १० | | ३१०१८५४ |

७०.२ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवंम पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर : कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन :राष्ट्रिय शिक्षा नीति,२०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन।अतःपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

(घ) अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

७०.३ **विद्यार्थी संख्यामा अस्वाभाविक फरकः** शिक्षा तथा मानव श्रोत विकास केन्द्र वाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८१। ०८२ को क्रियाकलाप नम्बर २.७. ११. १ को खण्ड च बमोजिम विद्यालयले विद्यालय सञ्चालन भएको दिनमा खाजा खुवाउने व्यवस्था मिलाउन पर्दछ । खण्ड घ मा स्थानीय तहले विद्यालयमा दिवा खाजाको निकासा गर्दा अघिल्लो निकासाको रकम सुनिश्चित गरी निकासा गर्नुपर्ने व्यवस्था छ। निकासा गर्दा भौतिक रुपमा पूरा चलेको दिन खाजा उपलब्ध गराइएको विद्यालयको प्रधानध्यापक र विद्यालय व्यावस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र थप भुक्तानी दिने व्यवस्था छ। श्री सिध्देस्वरी मावि, टुवा ६ ईमिस को तथ्याकं , विद्यालयले हाजिरि प्रमाणीत गरी पठाएको दिवा खाजा माग फारम र सत्यपान पश्चात यकिन भएको विद्यार्थी संख्याम अस्वाभाविक फरक देखिएको, चैत्र महिनामा स्कुल नलागेको दिनको समेत हाजिरि गरि पठाएको र ईसिडि तर्फ सवै विद्यार्थीको पुरै हाजिरि देखिएकोले विद्यालयलाई आर्थिक वर्षम भुक्तान गरेको दिवा खाजाको रु १२८२९५ सत्यपान पश्चात विद्यार्थी संख्याको आधारमा दिएको भएता पनि विद्यालयवाट प्राप्त हुनु पर्ने माग फाराम यथार्त हुनु पर्ने तर्फ पालिका सचेत हुँनु पर्दछ ।

| कक्षा | ईमिस अनुसार विद्यार्थी सख्या | विद्यालयले पठाएको हाजिरी संख्या | सत्यपान पश्चातको विद्यार्थी संख्या |
|---|---|---|---|
| ईसिडि | १९ | २१ | १९ |
| १ | २३ | २४ | १० |
| २ | २५ | २५ | १० |
| ३ | २५ | २५ | १२ |
| ४ | ३२ | ३० | १० |
| ५ | ३६ | २८ | १३ |

७०.४ **जिन्सी दाखिला -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७०.५ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली २०५९ को नियम ९२ को शिक्षक विधार्थी अनुपात र सोहि नियमावलीको अनुसूची १२ वमोजिमको दरबन्दी एकिन गर्नुपर्ने प्रावधान रहेको छ ।अन्तसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता ससर्त अनुदानमा उपलब्ध गराउने प्रावधान रहेको छ गाउँपालिका अन्तर्गत पालिका अनुदान प्राप्त सबै विधालयहरुको दरबन्दी र विधार्थी सहितको शिक्षक बिधार्थी अनुपात बिबरणः

| क्र.सं. | विद्यालयको नाम , ठेगाना | तह | जम्मा दरवन्दी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अमरपुर मावि, अमरपुर हिलिहाङ-१ | प्रावि १-५ | ५ | ४२ | ८.४ | |
| | | निमावि ६-८ | ५ | ३७ | ७.४ | |
| | | मावि ९-१० | ५ | ५३ | १०.६ | |
| | | मावि ११-१२ | २ | ३२ | १६ | |
| २ | अमरज्योति आवि, हिलिहाङ-१ | प्रवि १-५ | ६ | ४१ | ६.८३ | |
| | | निमावि ६-८ | १ | ५४ | ५४ | |
| ३ | सिंहमार्ग आवि ठुलो धुसेनी , हिलिहाङ-१ | प्रावि १-५ | ३ | ३५ | ११.६७ | |
| ४ | सरस्वती आवि. हिलिहाङ-१ | प्रवि | ० | १५ | | शुन्यदरबन्दी एकमूष्ट अनुदान |
| ५ | सिंहपुर पशुपति मावि, हिलिहाङ-२ | प्रावि १-५ | ५ | ११६ | २३.२ | |
| | | निमावि ६-८ | ४ | १५५ | ३८.७५ | |
| | | मावि ९-१० | ४ | ६६ | १६.५ | |
| | | मावि ११-१२ | ० | ४१ | ० | |
| ६ | जनता आवि, कोलडाँडा हिलिहाङ-२ | पावि १-५ | ५ | ५३ | १०.६ | |
| ७ | कावेली आवि हिलिहाङ-२ | प्रावि १-५ | ३ | १६ | ५.३३ | |
| ८ | ज्ञानज्योति आवि हिलिहाङ-२ | प्रावि १-५ | ३ | ३२ | १०.६७ | |
| ९ | नमूना आवि हिलिहाङ-२ | प्रावि १-५ | १ | १० | १० | |
| १० | सिरिजंग मावि, गोपेटार हिलिहाङ-३ | प्रवि १-५ | ५ | २३ | ४.६ | |
| | | निमावि ६-८ | ४ | ४९ | १२.२५ | |
| | | मावि ९-१० | ५ | ६६ | १३.२ | |
| | | मावि ११-१२ | २ | ८९ | ४४.५ | |
| ११ | शिवालय आवि, डाँडे हिलिहङ-३ | प्रवि १-५ | ५ | ३२ | ६.४ | |
| | | निमा ६-८ | १ | २५ | २५ | |
| १२ | साम्रे आवि, हिलिहाङ-३ | प्रावि १-५ | ४ | ६६ | १६.५ | |
| | | निमावि ६-८ | ० | १७ | ० | |
| १३ | हिलिहाङ आवि हिलिहाङ-३ | हिलिहाङ- ३ | ३ | ४५ | १५ | |
| १४ | फाल्गुनन्द आवि, पयेक्पा हिलिहाङ-३ | हिलिहाङ- ३ | १ | ६ | ६ | |
| १५ | सिद्ध मावि, पञ्चमी हिलिहाङ-४ | प्रावि १-५ | ५ | ४४ | ८.८ | |
| | | निमावि ६-८ | ३ | ५३ | १७.६७ | |
| | | मावि ९-१० | ४ | ७९ | १९.७५ | |
| | | मावि ११-१२ | ० | ६२ | ० | |
| १६ | मझैटार आवि, मझैटार हिलिहाङ-४ | प्रवि १-५ | ५ | ४४ | ८.८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निमावि ६-८ | ३ | ३३ | ११ | |
| १७ | सिंहदेवी आवि, कैजले हिलिहाङ-४ | हिलिहाङ -४ | २ | १७ | ८.५ | |
| १८ | मेची आवि, कोदेपा , हिलिहाङ-४ | हिलिहाङ -४ | १ | ८ | ८ | |
| १९ | निलगिरी मावि, सुभाङ , हिलिहाङ-५ | प्रवि १-५ | ६ | ४४ | ७.३३ | |
| | | निमावि ६-८ | ४ | ८१ | २०.२५ | |
| | | मावि ९-१० | ५ | ५९ | ११.८ | |
| | | मावि ११-१२ | २ | १४ | ७ | |
| २० | सरस्वती मावि, ओराङ्फुङ हिलिहाङ-५ | प्रावि १-५ | ६ | ३२ | ५.३३ | |
| | | निमावि ६-८ | ३ | ४२ | १४ | |
| | | मावि ९-१० | ३ | ३६ | १२ | |
| २१ | बगैंचा आवि, बोक्रुम्बा हिलिहाङ-५ | हिलिहाङ- ५ | २ | १५ | ७.५ | |
| २२ | जामुने आवि, मेक्सिदुम्बा , हिलिहाङ-५ | हिलिहाङ- ५ | ३ | २० | ६.६७ | |
| २३ | अरुणोदय आवि, सुभाङ हिलिहाङ-५ | हिलिहाङ- ५ | ३ | ३० | १० | |
| २४ | डाँडागाउँ आवि हिलिहाङ-५ | हिलिहाङ- ५ | २ | २५ | १२.५ | |
| २५ | मृदंगा झरना आवि हिलिहाङ-५ | हिलिहाङ- ५ | २ | ३४ | १७ | |
| २६ | भाग्योदय आवि , हिलिहाङ-५ | हिलिहाङ- ५ | ३ | २८ | ९.३३ | |
| २७ | ब्रम्हयोगेश्वर विद्यापिठ जोरपोखरी हिलिहाङ-५ | हिलिहाङ- ५ | १ | १३ | १३ | |
| २८ | सिद्धेश्वरी मावि, टुवा हिलिहाङ-६ | प्रवि १-५ | ६ | ७८ | १३ | |
| | | निमावि ६-८ | ५ | ८७ | १७.४ | |
| | | मावि ९-१० | ५ | ६७ | १३.४ | |
| | | मावि ११-१२ | २ | ८२ | ४१ | |
| २९ | सिद्धकाली मावि, अखौंले हिलिहाङ-६ | प्रवि १-५ | ४ | ३४ | ८.५ | |
| | | निमावि ६-८ | ३ | ३८ | १२.६७ | |
| | | मावि ९-१० | ३ | २७ | ९ | |
| ३० | जोरपोखरी मावि, जोरपोखरी हिलिहाङ-६ | प्रवि १-५ | ४ | ४८ | १२ | |
| | | निमावि ६-८ | २ | ६३ | ३१.५ | |
| | | मावि ९-१० | ३ | ५८ | १९.३३ | |
| ३१ | कञ्चनजङ्गा आवि हिलिहाङ-६ | प्रावि | ३ | २४ | ८ | |
| ३२ | फाल्गुनन्द आवि , हिलिहाङ-६ | हिलिहाङ- ६ | २ | ७ | ३.५ | |
| ३३ | लालिगुराँस आवि हिलिहाङ-६ | हिलिहाङ- ६ | १ | १८ | १८ | |
| ३४ | मौलोडाँडा आवि हिलिहाङ-६ | हिलिहाङ- ६ | २ | ३८ | १९ | |
| ३५ | मानेडाँडा आवि हिलिहाङ-६ | प्रवि १-५ | ५ | २४ | ४.८ | |
| | | निमावि ६-८ | १ | १८ | १८ | |
| ३६ | सिद्धेश्वरी मावि, एकचेपा हिलिहाङ-७ | प्रवि १-५ | ५ | ३१ | ६.२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निमावि ६-८ | ३ | ३३ | ११ | |
| | | मावि ९-१० | ३ | ३९ | १३ | |
| ३७ | सिध्देश्वर आवि भारपा हिलिहाङ-७ | पावि १-५ | ५ | ५७ | ११.४ | |
| | | निमावि ६-८ | ३ | २९ | ९.६७ | |
| ३८ | जयभवानी मावि, टारी हिलिहाङ-७ | पावि १-५ | ५ | ५१ | १०.२ | |
| | | निमावि ६-८ | १ | ४८ | ४८ | |
| | | मावि ९-१० | ३ | ३३ | ११ | |
| ३९ | बाजेन्द्रकाली आवि गोलेडाँडा हिलिहाङ-७ | प्रवि १-५ | ५ | ३२ | ६.४ | |
| | | निमावि ६-८ | १ | २२ | २२ | |
| ४० | कञ्चनजङ्गा हिमश्रृंखला आवि हिलिहाङ-७ | हिलिहाङ-७ | ३ | २९ | ९.६७ | |
| ४१ | सुसुलुङ आवि हिलिहाङ-७ | हिलिहाङ-७ | २ | १९ | ९.५ | |
| ४२ | सूर्योदय आवि खुम्पाङडाँडा हिलिहाङ-७ | हिलिहाङ-७ | २ | २४ | १२ | |
| ४३ | सिंहमार्ग आवि भारपा हिलिहाङ-७ | हिलिहाङ-७ | १ | ७ | ७ | |
| ४४ | महादेव आवि , माझिटार हिलिहाङ-७ | हिलिहाङ-७ | २ | ११ | ५.५ | |
| | | | २४५ | ३२०५ | | |

उल्लेखित शिक्षक विद्यार्थी अनुपात विश्लेसण गर्दा अधिकासं विद्यालयमा शिक्षक विद्यार्थी अनुपान न्यून देखिन्छ।न्युन विधार्थी भएका विधालयमा कार्यरत शिक्षकलाई बढि विधार्थी भएका विधालयमा दरबन्दी मिलान गर्नु पर्ने देखिन्छ । तोकिए बमोजिम शिक्षक विधार्थीको अनुपात कायम गरी शिक्षक नपुग हुने अबस्था देखिएमा मात्रै पालिकाले अन्य उपर्यूक्त विकल्प अवलम्वन गर्नु पर्दछ ।

७०.६ **विद्यार्थी छात्रवृत्ति** - नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीब , अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा विपन्न लक्षित छात्रवृत्ति प्रति विद्यार्थी रु ६००० को दरले ६४ जनालाई रु ३८४०००,अपाङ्ग छात्रवृत्ति १८ जनालाई २०१०००, सिमान्तकृत ४२ जनालाई २१००० र ६७६ जना दलित एवम् छात्रालाई रु २७०४०० गरी जम्मा रु ८७६४०० संघीय वजेटवाट छात्रवृत्ती उपलव्ध गराएको छ । पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको प्रभावकारित प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७०.७ **विद्यालयमा दर्ता भएको प्रमाण** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **७६२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७०.८ **अग्रीम कर -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७०.९ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका ९३४ जाना छात्रा विद्यार्थीहरु रहेको दखिन्छ। पालिकाले.१४४।२०८२।३।२१ बाट १३२९६ थान स्यानिटरी प्याड रु.१०५०३६१ (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको देखिन्छ।यसरी खरिद गरिएको समान विद्यालयलाई एकमुष्ठ वितरण गरेको छ । खरिद गरिएका प्याडहरु छात्राहरुलाई वितरण गरी बाँकी परिमाण भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा विद्यालयले राखे वा नराखेको सम्वन्धमा पालिकावाट निरीक्षणबाट गर्नु पर्दछ ।

७०.१० **प्रमाणित भरपाई -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **११८,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७१ **बाल विकास सहजकर्ता-**

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार दिनको ४ घण्टा कक्षा सञ्चालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जना सम्म बालबालिका राख्नुर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार निम्नलिखित बालविकास केन्द्रमा विद्यार्थी संख्या शुन्य भएको अवस्थामा समेत सहजकर्ता नियुक्त गरी रु. 4,48,500 तलब भत्ता बापत भुक्तानी गरेको छ। शुन्य विद्यार्थी भएका बालविकास केन्द्रमा सहजकर्ता नियुक्त गरी तलब भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| **क्रसं** | **विद्यालय** | **विद्यार्थी संख्या** | | **सहजकर्ता संख्या** | **राख्नु पर्ने संख्या** | **भुक्तानि रकम** |
|---|---|---|---|---|---|---|
| | | **२०८१ चैत्रसम्म** | **२०८२ बैशाखदेखि** | | | |
| १ | डाँडागाउँ बालविकास केन्द्र | ० | ० | १ | ० | २२४२५० |
| २ | कंकला बालविकास केन्द्र | ० | ० | १ | ० | २२४२५० |
| जम्मा | | | | | | ४,४८,५०० |

| | |
|---|---|
| अनियमित भएको | ४,४८,५०० |

७२ **पालिका सिर्जित शिक्षक-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी भन्दा बाहिर ९ विद्यालयमा १० जना शिक्षकहरु करारमा नियुक्त गरी यस आर्थिक बर्षमा रु. ३९,४३,४०९ खर्च गरेको छ। पालिकाले दरबन्दी नै नभएको अवस्थामा शिक्षकहरु नियुक्त गरी थप आर्थिक दायित्व सिर्जना गर्नु मितव्ययीपूर्ण छैन। पालिकाले स्वीकृत दरबन्दी भित्र रहि आवश्यकता अनुसार दरबन्दी मिलान गरेर शिक्षक व्यवस्थापन गर्नु पर्दछ।

७३ **वडाबाट नियुक्त शिक्षक-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडाबाट नियुक्त भएका भाषा शिक्षक बाहेक अन्य ३ विद्यालयका शिक्षकहरुको तलबभत्ता बापत रु. ८,६५,००३ भुक्तानी गरेको छ। शिक्षक दरबन्दी स्वीकृत नभएको, शिक्षकहरुको दरबन्दी मिलान नगरिएको, पालिकाले कुनै मापदण्ड नबनाएको तथा पालिकाबाट शिक्षक नियुक्तीको लागि स्वीकृती नभएको अवस्थामा वडाबाट नै शिक्षक नियुक्ती गरी पालिकामाथी आर्थिक दायित्व सिर्जना हुनु मितव्ययीपूर्ण देखिदैन। पालिकाले वडाबाट नियुक्त भएका शिक्षकहरु आवश्यकता र औचित्यताका आधारमा निर्णय लिनुपर्दछ। वडाबाट नियुक्ता भएका शिक्षकहरुको तलबभत्ता बापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,६५,००३ |

७४ **पोशाक हस्तान्तरण कार्यक्रम-** (६२७-2082-03-21):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१२४,५०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५ **पुस्तक खरिद-** (६६०-2082-03-22):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२८२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७६ **पाठ्यक्रम निर्माण-** (७५९-2082-03-25):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ मा सार्वजनिक निकायले एक लाख रुपैँयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले आधारभुत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण बापत हेम कृष्ण चापागाईले रु. २,३५,००० भुक्तानी गरेको छ। पालिकाले कम्तीमा तीन वटा परामर्शदाताबाट दरभाउ माग गरी खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा नगरी एक व्यक्तिसँग सम्झौताबाट खरिद गरेको नियमसम्मत छैन। यसरी खरिद गरिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२५,००० |

७७ **स्वास्थ्य तर्फ**

७७.१ **औषधि खरिद** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेटवाट रु १०५४००० र गाउँपालिका चालुवाट रु ११५४३७६ को औषधि र उपकरण खरिद गरी रु २२०८३७६ भुक्तानी दिएको छ।पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन।पालिकाको केही औषधि म्याद सकिएकोमा

सो लाई नस्ट गर्नु पर्दछ । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

७७.२ **कार्यविधि विपरित खर्च** -

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१०४,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७.३ **मार्गदर्शन विपरित खर्च** -

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७.४ **सामजिक सुरक्षा कर** -

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७.५

**निःशुल्क उपचार सहायता** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २९ जनाको लागि रु १५३९३३१ खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

७८ **सहकारी अनुगमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७९ **प्रविधि हस्तान्तरण** -

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले वंगुरपाठा वितरणको लागी व्यवस्था गरेको रु ४ लाख वजेटवाट रु ५८८००० को वंगुरको पाठा खरिद गरी अपुग रु १८८००० कार्यविधि विपरित २० प्रतिशत नगद सहभागिता नगराई निर्माणमा लागत सहभागिता गराई लघुउधम कार्यक्रमको प्रविधि हस्तान्तरण कार्यक्रमवाट खर्च गरेको कार्यविधी विपरित देखिएकोले कार्यविधिको पालना गरी खर्च लेख्नु पर्दछ ।

८० **प्रधानमत्री रोजगार कार्यक्रम** -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ७ वटन वडामा योजना सञ्चालन गरी यस वर्ष ७४ जनालाई औसत १०० दिनले ७४०० दिन रोजगारी उपलव्ध गराई रु.४९४३२०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

८१ **वढी भुक्तानी**-

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१०,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८२ **सक्कल विल**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,३४९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८३ **वढि भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८४ **जिन्सी दाखिला-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **३५०,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१८४,२७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८५ **अन्तिम प्रतिवेदन-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **९१४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६ **अन्तिम प्रतिवेदन-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **४५१,४९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८७ **खेल प्रशिक्षकलाई भुक्तानी-** (७५३-2082-03-25):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८८ **सामाजिक सुरक्षा -**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ लगायतको प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता बैङ्कमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले हिमालयन बैङ्कमार्फत सबै वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । हिलिहाङ गाँउपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु ८४३५४०००/- बजेट प्राप्त भएकोमा रु. ८४२३४७८३.३४ निकासा भएको देखियो । यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्:

८८.१ सामाजिक सुरक्षा भत्ता वितरणको तुलना - यस पालिकामा आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसारका लाभग्राही रहेको देखियो ।

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर (मासिक) | २०८०।८१ मा रहेका लाभग्राहीको संख्या (औसत ४ त्रैमासिकको) | २०८१।८२ मा रहेका लाभग्राहीको संख्या (औसत ४ त्रैमासिकको) |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक ६८ वर्ष माथि | ४००० | १३३३ | १३५० |
| २ | ज्येष्ठ नागरिक दलित | २६६० | ८६ | ८९ |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | २६६० | ११४ | १०९ |
| ४ | विधवा | २६६० | २६४ | २९० |
| ५ | पूर्ण अपाङ्ग | ३९९० | ४७ | ४७ |
| ६ | अति अशक्त अपाङ्ग | २११६ | ८२ | ८४ |
| ७ | दलित बालवालिका | ५३२ | १२५ | १२२ |
| | **जम्मा लाभग्राही संख्या** | | २०५१ | २१११ |
| | **जम्मा खर्च रकम** | | ८१४१५८८१.३४ | ८४२३४७८३.३४ |

पालिकामा सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा रु. ८१४१५८८१।३४ खर्च भएकोमा आ.व. २०८१।८२ मा रु. ८४२३४७८३।३४ खर्च भएको देखिन्छ । गत वर्षको तुलनामा यो वर्ष औसतमा ६० जना लाभग्राहीको संख्या बृद्धि भई रु.२८१८९०२ बढी खर्च भएको छ ।

८८.२ नागरिकता नम्बर एउटै भएका लाभग्राही - नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ । प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण यकिन गरी लगत कट्टा गर्नुपर्ने र दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आई एस अध्यावधिक गर्नुपर्दछ ।

| परिचयपत्र नं. | वडा नं. | लाभग्राहीको नाम | नागरिकता नं. |
|---|---|---|---|
| २०१२०८२४०१७०७ | १ | इन्द्र प्रसाद तामाङ | ६२९ |
| २०१०१०११०७८०२ | १ | लक्ष्मी प्रसाद ढकाल | ६२९ |
| २००६०९२३०००७३ | २ | छत्र कला अधिकारी | ९२९ |
| २००१११२२०१७७३ | २ | रण माया लिम्बुनी | ९२९ |
| २०१२१११५०४४५५ | २ | रेनुका खतिवडा | १८७० |
| २००६१२३०२०३८५ | २ | तिलचन कामी | १८७० |
| २००९१२१५०४८७१ | ३ | बुधहाङमा लिङदेन | ७०९३टो ५ |
| २०१००३१५१११३७८ | ३ | रेणुका कार्की | ७०९३टो ५ |
| २०१२०६१२०४१८९ | ३ | देउ माँया माङ्युङ | ७२७२ टो ५ |
| २००५१११५००१५१ | ३ | लक्ष्मी माया लिङदेन | ७२७२ टो ५ |
| २०१३०९२००३६८१ | ७ | राम बहादुर योक्पाङदेन | १४३६ |
| १९८९१२३०१८०२३ | ७ | यामनारायण सापकोटा | १४३६ |

८८.३ बढी भुक्तानी फिर्ता - पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्न बैंकलाई जम्मा रु.८४२३४७८३।३४ निकासा दिएको देखिएकोमा आ.व. को अन्तिममा लाभग्राहीहरुको खाता बन्द भई बैंकमा मौज्दात रहेको रकम रु.१०४९०६।६६ पालिकाले मिति २०८२।३।२६ मा रु.४४१०५।६६ र मिति २०८२।३।३२ मा ६०८०१ संघीय संचित कोषमा दाखिला भएको छ ।

८८.४ एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट सो बमोजिम विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

८८.५ • अभिलेख विवरण - लाभग्राहीको अभिलेख सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख सामाजिक सुरक्षा नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन ।

• समीक्षा र सार्वजनिक सुनुवाई- सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको

देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधिको परिपालना भएको देखिएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : हिलिहाङ गाउँपालिका, पाँचथर , हिलिहाङ गाउँपालिका , पाँचथर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टोपेन्द्र कुमार लिम्बु | २०८०-१-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ईश्वरी प्रसाद पाण्डे | २०७९-११-१७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६६९,४०९ | ४,९५६,४८९ | ८,८०६,९३२.६८ | ० | ० | ५००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १५,९३२,८३०.६८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८,५४७,३६७.३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ७,३८५,४६३.३८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६४८१८९४६.७४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९०२६४१६४.९४ | चालु खर्च | ३०१९१५२८४.७४ |
| प्रदेश सरकारबाट अनुदान | १६५६१८१८ | पूँजीगत खर्च | १२५६०७७३७.९३ |
| राजश्व बाँडफाँट | ८९०७४२६०.२५ | वित्तीय/अन्य व्यवस्था | ७७७५२६२.३९ |
| आन्तरिक आय | १८९०२१५२.१ | | |
| अन्य आय | १२३०५००७.५४ | | |
| कुल आय | ४२७१०७४०२.८३ | कुल खर्च | ४३५२९८२८५.०६ |
| बाँकी मौज्दात | | ५६६२८०६४.५१ | |

## अनुसूची - २

## बेरूजु दफा ३२.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| पद | कर्मचारीको नाम | | जम्मा तलब भत्ता |
|---|---|---|---|
| सहजकर्ता | नुमा पन्दाक | ३२९०२ | ४२७७२६ |
| सहजकर्ता | सरसोती योक्पाङ्देन | ३२९०२ | ४२७७२६ |
| अहेव ४ | विनोद कोइराला | ३२९०२ | ४२७७२६ |
| अहेव ४ | विनुका राई | ३२९०२ | ४२७७२६ |
| अहेव ४ | सगिता तमाङ | ३२९०२ | ४२७७२६ |
| अहेव ४ | कामना देवान | ३२९०२ | ४२७७२६ |
| अहेव ४ | सुधा लावती | ३२९०२ | ४२७७२६ |
| अहेव ४ | साहरा माझी | ३२९०२ | ४२७७२६ |
| अ न मि ब | सबिना लिम्बु | २८६१० | ३१४७१० |
| अ हे ब ४ | निशा भट्टराई | ३२९०२ | ४२७७२६ |
| अ हे ब ४ | रेखा देवि पौडेल | ३२९०२ | ४२७७२६ |
| अ हे ब ४ | तारा योङ्या | ३२९०२ | ४२७७२६ |
| अनमी ४ | इन्दिरा सुहाङ | ३२९०२ | ४२७७२६ |
| अनमी करार | उर्मिला लक्सम | ३०००० | ३९०००० |
| अनमी करार | एलिना नेम्बाङ | ३०००० | ३९०००० |
| अहेव ४ | सुयोग सुनुवार | ३०००० | ३९०००० |
| अ न मी ४ | तारा देवि ढकाल | ३०००० | ३९०००० |
| | | | |

| | | | |
|---|---|---|---|
| का स | बेलिता लिम्बु सिगु | २०००० | २६०००० |
| का स | डोमा शेर्पा | २०००० | २६०००० |
| का.स(करार) | नारायण खतिवडा | २०००० | २६०००० |
| का.स(करार) | गोमा गिरी | २०००० | २६०००० |
| का.स(करार) | लक्ष्मीप्रसाद हेम्ब्या | २०००० | २६०००० |
| का.स(करार) | टिकामायाँ भट्टराई | २०००० | २६०००० |
| का.स(करार) | रमेश दंगाल | २०००० | २६०००० |
| का.स(करार) | नुपु शेर्पा | २०००० | २६०००० |
| का.स(करार) | सरस्वति योन्जन | २०००० | २६०००० |
| ना.प.से.प्रा. | ओमप्रकास पौडेल | ३२९०२ | ४२७७२६ |
| ना.प.से.प्रा. | बासुदेव काफ्ले | ३२९०२ | ४२७७२६ |
| ना.प.स. | विमला वाग्ले | ३२९०२ | ४२७७२६ |
| ना.प.से.प्रा. | किशोर रिजाल | ३२९०२ | ४२७७२६ |
| अपाङगता सहयता सहजकर्ता | तुलसा अधिकारी | २७००० | २४३००० |
| अ छैठौं | सुशिल बस्नेत | ४३६८९ | ५६७९५७ |
| सव ई | गम्भीर राई | ३४७३० | ४५१४९० |
| ना प स्वा प्रा | उमेश मिश्र | ३२९०२ | ४२७७२६ |
| हसचा | भिम बहादुर तामाङ | २७६१२ | ३५८९५६ |

| | | | |
|---|---|---|---|
| का.स | जितेन्द्र तामाङ | २४७०२ | ३२११२६ |
| का.स | बजेन्द्र पुरी | २४७०२ | ३२११२६ |
| का.स | गंगामाया खड्का न्यौपाने | २४७०२ | ३२११२६ |
| का.स | बविता सुवेदी योङहाङ | २४७०२ | ३२११२६ |
| का.स | कभिना चौहान | २४७०२ | ३२११२६ |
| का.स | मेनुका खरेल खनाल | २४७०२ | ३२११२६ |
| का.स | सपना राई | २४७०२ | ३२११२६ |
| का.स | जुनु योङहाङ | २४७०२ | ३२११२६ |
| का स | दिपेन्द्र योक्पाङ्देन | २४७०० | ३२११०० |
| का स | पवित्रा चोङवाङ लिम्बु | २४७०० | ३२११०० |
| का स | विवेका योङहाङ | २४७०२ | ६१७५५ |
| एम आइ एस अपरेटर | विमल योङहाङ | ३४७३० | ४५१४९० |
| फिल्ड सहायक | सम्भुराज पालुङगा | ३२९०२ | ४२७७२६ |
| सू प्र अ | देबेन्द्र पौड्याल | ४३६८९ | ५६७९५७ |
| पोष०ा स्वयम सेवक | सूर्यमान माङ्यूङ | २२५०० | २९२५०० |
| हेभि सवारि चालक | सुरेन्द्र तामाङ | २९७२८ | ३८६४६४ |
| अमिन | सुनिल ठटाल | ३२९०२ | ४२७७२६ |
| भरत शाही | उधम बिकास सहजकर्ता | ३२९०२ | ४२७७२६ |
| मेदनी भण्डारी | रोजगार संयोजक | | ५१२९३९ |

| | | | |
|---|---|---|---|
| अजय अधिकारी | रोजगार प्राविधिक | | ४५१४९० |
| | जम्मा रकम | | २०३२६४३६ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।